

**मेसीको सय गोल पूरा**
च्याम्पियन्स लिग । १९

**मेकअप कति ?**
धेरै गरे नेतृत्वमा कमजोर । १६



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

kantipurdaily.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २६ अंक २६ विराटनगर | २ चैत २०७४ शुक्रबार चैत्र कृष्णपक्ष चतुर्दशी | नेपाल संवत् ११३८ | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Friday, March 16, 2018 | पृष्ठ १२+८+४ | १० रुपैयाँ


# वान-डे अन्तर्राष्ट्रिय मान्यता

■ विनोद पाण्डे

काठमाडौं- नेपाल पहिलोपल्ट वान-डे अन्तर्राष्ट्रिय क्रिकेट मान्यता प्राप्त राष्ट्र बनेको छ। जिम्बावेमा भइरहेको विश्वकप छनोटमा पाएको सफलताले एकदिवसीय क्रिकेटमा नेपालले आधिकारिक मान्यता पाएको हो । योसँगै प्रथम श्रेणी क्रिकेटको मान्यता पाएको अन्तरमहादेशीय कपमा पनि नेपालले अबका चार वर्ष प्रतिस्पर्धा गर्न पाउनेछ ।

बिहीबार हरारेमा भएको प्ले-अफ खेलमा वान-डे अन्तर्राष्ट्रिय मान्यता पाउन नेपालले पपुवा न्यु गिनीलाई पराजित गर्नैपर्थ्यो । त्यसबाहेक हङकङ प्ले-अफको अर्को खेलमा नेदरल्यान्ड्ससँग पराजित हुनुपर्थ्यो । दुवै खेलमा अनुकूल नतिजा प्राप्त भएपछि नेपालले विश्व क्रिकेटमा छलाङ मारेको हो ।

'हामी निकै खुसी छौं, यो खुसीको सीमा छैन । बच्चादेखि देखेको एउटा सपना आज पूरा भएको छ,' जिम्बावेबाट नेपालका कप्तान पारस खड्काले बिहीबार बेलुका कान्तिपुरसँग भने, 'जहिल्यै पनि नेपाली क्रिकेटलाई माथिल्लो स्तरमा पुऱ्याउन चाहन्थ्यौं, त्यसमा हामी फेरि एकपटक सफल भएका छौं । सबैको मिहिनेत र समर्पणले अहिलेसम्मकै ठूलो सफलता प्राप्त भएको हो । खेलाडीहरू सबै बसेर खुसी बाँडिरहेका छौं ।'

समीकरण यस्तो थियो कि पपुवा न्यु गिनीसँगको खेलमा पराजित भएको भए नेपाल रेलिगेसनमा परेर डिभिजन २ मा झर्ने थियो । अझ यसअघिका तीन खेलमा पपुवा न्यु गिनीले नेपाललाई पराजित गर्दै आएको थियो । नेपालले टस जितेपछि ब्याटिङमा आएको पपुवा न्यु गिनी नेपाली स्पिनरका सामु अडिन सकेन । लेग स्पिनर सन्दीप लामिछाने र दीपेन्द्रसिंह ऐरीले ४/४ विकेट लिएपछि नेपालले पपुवा न्यु गिनीलाई २७.२ ओभरमा १ सय १४ रनमा अलआउट गऱ्यो ।

बाँकी पृष्ठ ५ ▶▶



जिम्बावेमा बिहीबार भएको विश्वकप क्रिकेट छनोटको प्ले-अफमा सन्दीप लामिछानेले पपुवा न्यु गिनीका माहुरु दाइको विकेट लिएपछि खुसी मनाउँदै नेपाली टिम । पृष्ठ २० पनि ।

*तस्बिर : आईसीसी*

# गुणस्तर नभए कारबाही

खोटाङ (कास)- दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाभित्र लामो समयदेखि थलिएका विभिन्न योजना गुणस्तर र बेलैमा नसके कारबाही गरिने भएको छ । नगर क्षेत्रभित्र सञ्चालित विभिन्न योजनाहरू गुणस्तरहीन हुनका साथै काम नगरी निर्माण अवधि थप्ने मात्र गरिएकाले त्यसको अन्त्य गर्न दिक्तेल रूपाकोट-मझुवागढी नगरपालिकाले कारबाही गर्ने भएको हो ।

नगर क्षेत्रभित्र निर्माणाधीन योजना सम्बद्ध कम्पनीहरूलाई बोलाएर दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका मेयर दीपनारायण रिजालले गुणस्तरहीन र काम नगरी योजनाहरू अलपत्र राख्नेहरूलाई कारबाही गर्ने चेतावनी दिएका हुन् । मंगलबार आयोजित कार्यक्रममा मध्यपहाडी लोकमार्ग, सगरमाथा लोकमार्ग अन्तर्गत पर्ने साप्सु सडक, दिक्तेल-खोटाङ बजारअन्तर्गत पर्ने माथिल्लो साप्सु सडक पुल, सगरमाथा लोकमार्गअन्तर्गत माहुरे-राजापानी सडकलगायत निर्माण कम्पनी सम्बद्धहरूलाई बोलाएर कारबाही गर्ने चेतावनी दिएका हुन् ।

मध्यपहाडी लोकमार्गअन्तर्गत हलेसी-दिक्तेल सडक गुणस्तरहीन हुनका साथै निर्माण अवधिमा काम नसकिएपछि स्थानीय आक्रोशित बनेका छन् । सडक विभागमार्फत एसियाली विकास बैंकको लगानीमा निर्माणाधीन हलेसी-दिक्तेल (४२ किमि) सडक निर्माण अवधि गत चैतमै सकिए पनि काम सकिएको छैन । हलेसीदेखि दिक्तेलसम्म तीन प्याकेजमध्ये १ नम्बर प्याकेज (हलेसी-बिजुले १२ किमि) लुम्बिनी-कन्काई-सूर्य कन्स्ट्रक्सन जेभी, २ नम्बर प्याकेज (बिजुले-नुनथला १२ किमि) लामा-नागार्जुन र ३ नम्बर प्याकेज (नुनथला-दिक्तेल, साडे ११ किमि) लामा-नागार्जुन-त्रिशूली निर्माण कम्पनीले ठेक्का पाएको थियो ।

# पराजुलीमाथि भ्रष्टाचार मुद्दा लाग्ने

■ घनश्याम खड्का

काठमाडौं- निवर्तमान प्रधानन्यायाधीश गोपालप्रसाद पराजुलीले आफू न्यायपरिषद्बाट पदमुक्त भएपछि साँझसम्म पनि त्यसलाई चुनौती दिँदै बिहीबारको पेसी आफैंले तोक्ने दाबी गरिरहेका थिए, तर जब बिहानै सर्वोच्च प्रशासनले कायममुकायम प्रधानन्यायाधीश दीपकराज जोशीलाई पेसी तोक्न सघायो र सर्वोच्चको वेबसाइटमा पराजुलीको फोटो हटायो, तब दिउँसो उनले राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष राजीनामा दिए ।



- 'पदमुक्त भइसकेको व्यक्तिले जरुरी नै नभएको राजीनामा एकाएक राष्ट्रपतिसमक्ष बुझाउनुको मुख्य उद्देश्य सम्भावित भ्रष्टाचारको मुद्दाबाट उम्किने प्रयास'
- 'सम्पत्ति शुद्धीकरण विभागले अकुत सम्पत्ति भए/नभएको छानबिन गरी स्रोत नखुलेको सम्पत्ति भेटिए विशेष अदालतमा मुद्दा दायर गर्न सक्छ'

**सम्पादकीय – पृष्ठ ६**

**पराजुली प्रकरणको पाठ**

पराजुली बिदामा बस्नसमेत नमानेकाले सर्वोच्चका न्यायाधीशै विवादित भएको परिदृश्यमा पदबाट हटाइएपछि एकाएक उनले किन राजीनामा दिए जबकि त्यसको जरुरतै थिएन ।

कानुनविद्हरू भन्छन्- 'आफूमाथि लाग्न सक्ने सम्भावित मुद्दाबाट जोगिन ।'

स्रोतका अनुसार केही पूर्वन्यायाधीश, वरिष्ठ अधिवक्ता, पूर्वमहान्यायाधिवक्ता तथा केही पूर्वसांसदले 'पराजुलीलाई के गर्दा सबभन्दा उपयुक्त हुन्छ' भन्ने सल्लाह सुझाएपछि सोहीअनुसार प्रधानमन्त्री केपी ओलीले त्यसैअनुसार अघि बढ्न संकेत गर्दै अटेर गरे महाअभियोग लाग्न सक्ने जनाउ दिएका थिए । महाअभियोगबाट गुज्रिए संविधानको प्रावधानअनुसार सीधै भ्रष्टाचार मुद्दामा पनि तानिन सक्ने भएकाले त्यसबाट पनि जोगिने झिनो प्रयासमा उनले हठात् राजीनामा गरेका हुन् । 'तर पनि कानुनतः उहाँलाई भ्रष्टाचार मुद्दा सीधै लाग्छ,' अधिवक्ता लेखनाथ भट्टराईले भने, 'यो अवस्थामा अब भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ अनुसार उहाँ सजायको भागीदार देखिनुहुन्छ ।'

यही डरले पराजुलीले आफूले गर्नै नचाहेको राजीनामा गरेको हुन सक्ने उल्लेख गर्दै भट्टराईले थपे, 'र यसको कुनै अर्थ छैन किनभने सर्वोच्चमा एकै दिन दुई प्रधानन्यायाधीश भएको अर्थ लाग्ने हुँदा राष्ट्रपतिबाट उहाँको राजीनामा स्वीकृत हुने ठाउँ छैन । उहाँ बुधबारै पदमुक्त भइसक्नुभएको छ । अर्को कुरा राजीनामै गरेको भए पनि भ्रष्टाचार मुद्दाबाट उहाँ बच्ने ठाउँ छैन ।'

आफूले पाउनेभन्दा ७ महिना ९ दिन बढी पदमा बस्नु नै पराजुलीबाट भ्रष्टाचार भएको पुष्टि भइसकेकाले अख्तियारलाई मुद्दा चलाउन कुनै बाधा नभएको कानुन व्यवसायीहरूको ठम्याइ छ । यसमा आकर्षितचाहिँ 'भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६' नै हुने उनीहरूको भनाइ छ । 'कुनै व्यक्तिले राष्ट्रसेवकको ओहदा पाउने वा सो ओहदामा बहाल रहने वा कुनै हैसियत, लाभ वा सुविधा पाउने उद्देश्यले शैक्षिक योग्यता, नाम, तीनपुस्ते, उमेर, जात, थर, ठेगाना, नागरिकता वा योग्यता वा अन्य कुनै कुराको झूटो विवरण दिएमा' भ्रष्टाचार निवारण ऐनको दफा १६ मा भनिएको छ, 'वा सोसम्बन्धी झूटा प्रमाणपत्र पेस गरेमा निजलाई कसुरको मात्राअनुसार छ महिनादेखि एक वर्षसम्म कैद र दस हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।'

२००९ साउन २१ मा जन्मिएका पराजुलीले उमेर हदका कारण ६५ वर्ष पुगेको दिन २०७४ साउन २१ गते नै अवकाश पाइसकेका थिए । तर उनले उमेर ढाँटेर र प्रमाण लुकाएर आफूले पाउने अवधिभन्दा ९ महिना बढी प्रधानन्यायाधीश हुने गरी पदमा बस्ने व्यवस्था मिलाएका थिए । त्यसको पोल खुल्नासाथ परिषद्ले उनलाई बुधबार पदमुक्त गरेको हो ।

संविधानको धारा २३९ को उपधारा २ बमोजिम यसरी पदमुक्त भएको व्यक्तिमाथि भ्रष्टाचार निवारण ऐनअनुसार अख्तियारले मुद्दा दायर गर्न सक्छ । उक्त धारामा भनिएको छ, 'धारा १०१ बमोजिम महाअभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्यायपरिषद्बाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐनबमोजिम कारबाही हुने व्यक्तिका हकमा निज पदमुक्त भइसकेपछि संघीय कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन सकिनेछ ।'

बाँकी पृष्ठ २ ▶▶

# जोशी कामु प्रधानन्यायाधीश




काठमाडौं (कास)- सर्वोच्च अदालतमा उत्पन्न अन्योल चिर्दै वरिष्ठतम न्यायाधीश दीपकराज जोशी बिहीबारदेखि कायममुकायम प्रधानन्यायाधीश बनेका छन् । न्यायपरिषद् सचिवले प्रधानन्यायाधीश गोपाल पराजुलीको पदावधि गत साउन २१ गते सकिइसकेकाले उनी पहिल्यै पदमुक्त भइसकेको बुधबार अपराह्न जानकारी गराएपछि पराजुली आक्रोशित भएका थिए ।

उनले त्यसलाई मान्यता नदिई पूर्ववत् अदालत जाने घोषणा गरेका थिए भने वरिष्ठतम न्यायाधीश जोशीले बिहीबार कार्यालय समय सुरु हुनु केहीअघि नै पेसी सूची तोकेर कार्यभार सम्हालेको जनाउ दिए । त्यसअघि राति नै सर्वोच्च अदालतको वेबसाइटबाट पराजुलीको नाम हटाई कायममुकायम प्रधानन्यायाधीशमा जोशीको नाम प्रकाशन भइसकेको थियो । जन्ममिति र प्रमाणपत्र विवादमा पराजुलीको कित्ते सबैतिरबाट प्रमाणित भइरहे पनि उनी हठपूर्वक कुर्सीमा बसिरहेका थिए ।

जोशी स्वतः कामु प्रधानन्यायाधीश बनेपछि बिहीबार पराजुलीले राष्ट्रपतिसामु राजीनामा पेस गरेका थिए । जोशीले बिहीबारदेखि सर्वोच्च अदालत प्रशासनको नेतृत्व सम्हालेका छन् ।

बाँकी पृष्ठ २ ▶▶




# डोल्माकी आमालाई डा. सन्दुकको साथ

■ देवेन्द्र भट्टराई



डोल्माका आमाछोरी


काठमाडौं- गोरखा सदरमुकामबाट पैदल करिब एक सातामा पुगिने तिब्बतको सीमावर्ती गाउँपालिका चुम्चेत ९ की ७५ वर्षीया डोल्मा याङजोङ लामा पहिलोपटक काठमाडौं आएकी थिइन्। त्यो पनि छोरी डोल्माले बलजफ्ती ल्याएकी।

'आमाले आँखा देख्न छाडेको ५/७ वर्ष भएको रहेछ,' झन्डै १२ वर्षपछि गाउँमा आमा भेट्न गएकी डोल्माले सुनाइन्, 'घरका अरू सदस्यले जे खान दियो, त्यही खाने, जता बसायो, त्यतै बस्ने अवस्था रहेछ। त्यही भएर आँखा उपचारकै लागि भए पनि हेलिकप्टरमा काठमाडौं ल्याएँ।'

१२ वर्षअघि घरेलु कामदार बनेर कुवेत गएकी र सहकर्मी हत्याको अभियोगमा १० वर्षभन्दा बढी जेल सजाय बेहोरेर घर फिरेकी डोल्मासँग आमाको आँखा उपचारका लागि खर्च थिएन। गोरखाको चुम्चेतबाट हेलिकप्टरमा राखेर ल्याउन लाग्ने २० हजार रुपैयाँ पनि डोल्माले ऋण काढेकी थिइन्। 'मेरो आर्थिक अवस्था र आमाको इच्छाबारे कान्तिपुरमा समाचार पढेर तिलगंगा अस्पतालले निःशुल्क उपचार गरिदियो,' मंगलबार तिलगंगा आँखा अस्पताल परिसरमा आमासँगै भेटिएकी डोल्माले थपिन्, 'आमाले यतिका वर्षपछि फेरि मलाई देख्नुभयो, मेरो गाला छामेर खुसीले हाँस्नुभयो।'

तिलगंगामा डा. सन्दुक रुइत आफैंले तदारुकता देखाएर डोल्मा याङजोङको मोतिबिन्दुको शल्यक्रिया गरिदिएका थिए। उठबस गर्न, हिँडडुल गर्न र खानपिनमै पनि अरूको सहारा लिएर हिँड्नुपर्ने अवस्थामा रहेकी डोल्मा याङजोङले आँखा देख्न सक्ने भएपछि छिट्टै गाउँ फिर्न चाहेको बताइन्। 'यसरी आँखा देखौंला भन्ने थिएन, डाक्टर सरहरूले सहयोग गरिदिनुभयो। म असाध्यै खुसी छु,' चुम उपत्यकामा बोलिने स्थानीय लामा भाषामा आमाले भनिन्, 'नयाँ जीवन पाएजस्तो भएको छ।' डोल्मा याङजोङको दाहिने आँखा पहिलेदेखि फुटेको अवस्थामा थियो भने देब्रे आँखाको मोतिबिन्दुको अप्रेसन गरिएको हो।

डोल्माले कुवेतमा जेल सजाय बेहोरिरहेका बेला 'डोल्मा बचाउ' अभियान भनेर राष्ट्रिय-अन्तर्राष्ट्रिय समुदायमा आर्थिक सहयोग उठाएर गैरआवासीय नेपाली संघले आफ्नो खातामा झन्डै ४० लाख रुपैयाँ मौज्दात राखेको छ। तर, डोल्माको जीवनरक्षा भइसकेकाले उक्त रकम वैदेशिक रोजगारमा गएका अन्य कामदारको हितमा खर्च गर्ने भन्दै संघले आफ्नै कोषमा सञ्चित गरेको छ। माइती नेपाल, शेर्पा संघलगायतले उठाएको रकम पनि डोल्माले पाएकी छैनन्।




न्यायपरिषद् सचिवको क्षेत्राधिकार

# 'जन्ममिति किटान, अद्यावधिक गर्ने र अभिलेख राख्ने'

■ कृष्ण ज्ञवाली

काठमाडौं- परीक्षा नियन्त्रण कार्यालयबाट निवर्तमान प्रधानन्यायाधीश गोपाल पराजुलीको जन्ममितिबारे नयाँ तथ्य भेटिएपछि न्यायपरिषद्का सचिव नृपध्वज निरौलाले उनी पदमा नरहेको जानकारीसहित राष्ट्रपति कार्यालय, प्रधानन्यायाधीश सचिवालय, संवैधानिक परिषद्लगायतका निकायलाई पत्र लेखे। पत्र पाएलगत्तै पराजुलीले न्यायपरिषद् सचिवलाई त्यस्तो अधिकार नभएको भन्दै निर्णय नमान्ने प्रतिक्रिया दिए। वरिष्ठ अधिवक्ता एवं माओवादी सांसद रामनारायण बिडारीले पनि सचिवले पत्र लेख्नु गलत भएको टिप्पणी गरे। तर, न्यायपरिषदका सचिवहरूले न्यायाधीशहरूको जन्ममिति किटान गर्ने र त्यसको अभिलेख राख्ने काम वर्षौंदेखि गर्दै आएको तथ्य कान्तिपुरले फेला पारेको छ।

२०७४ जेठ ३० गतेको न्यायपरिषद् निर्णयले पराजुलीको जन्ममिति २०१० वैशाख १६ गते कायम गर्‍यो। त्यही निर्णयका क्रममा परिषद्ले अन्य न्यायाधीशहरूको जन्ममिति यकिन गर्ने अधिकारसमेत न्यायपरिषद् सचिवलाई प्रत्यायोजन गरेको थियो। उक्त निर्णयमा भनिएको थियो, 'उल्लिखित कानुनी व्यवस्था र सर्वोच्च अदालतको आदेशअनुकूल हुने गरी सचिवले उमेर यकिन गरी अन्य न्यायाधीशहरूको अभिलेख अद्यावधिक गर्ने।' यही निर्णयले गरेको अधिकार प्रत्यायोजनअनुसार नयाँ विवरणका आधारमा सचिवले अवकाशको पत्र लेखेका हुन्।

सर्वोच्च अदालतका एक पूर्वन्यायाधीशले हालको न्यायपरिषद् ऐनको दफा ३६ को उपदफा २ अनुसार सचिवले न्यायाधीशको उमेर अभिलेख राख्ने जिम्मेवारी नै पाएको बताए। उपदफा २ (ख) मा 'न्यायपरिषद् सचिवले सचिवालयमा रहने अभिलेख प्रमाणित गरी अद्यावधिक, व्यवस्थित र सुरक्षित राख्ने' भन्ने उल्लेख छ। 'अभिलेख प्रमाणित गरी अद्यावधिक राख्ने भन्ने व्यवस्थाले अरू विवरणका साथै जन्ममितिसमेत जनाउँछ,' ती न्यायाधीशले भने, 'उपदफा २ (छ) मा 'न्यायपरिषद्ले तोकेको अन्य कामसमेत गर्ने' उल्लेख छ।'

२०५६ सालअघि निजामती किताबखानाले न्यायाधीशहरूको समेत व्यक्तिगत अभिलेख (सिटरोल) का साथै अन्य अभिलेख राख्ने गरेको थियो। न्यायपरिषद्का तत्कालीन सचिव काशीराज दाहालका अनुसार त्यतिबेला नियुक्त सर्वोच्चका न्यायाधीश लक्ष्मण अर्यालले आफू निजामती नभई संवैधानिक पदमा नियुक्त भएकाले निजामती किताबखानाको सिटरोल नभर्ने अडान राखेपछि न्यायपरिषद्को सचिवालयले नै अभिलेख राख्न थाल्यो। 'सिटरोललगायतका अभिलेख न्यायपरिषद्का सचिवले प्रमाणित गरेर राख्नुपर्ने व्यवस्था थियो। नयाँ तथ्य भेटिएमा सचिवले नै कानुनबमोजिम परिमार्जन गर्ने हो,' हाल प्रशासकीय अदालतका अध्यक्ष रहेका संवैधानिक कानुनविद् दाहालले कान्तिपुरसँग भने, 'वर्षौंदेखि सचिवले न्यायाधीशलाई अवकाशको सूचना दिने गरेका छन्। त्यसलाई कानुनविपरीत भन्न मिल्दैन।'

२०७३ सालमा न्यायपरिषद् ऐन आउनुअघिको पुरानो ऐनमा समेत यस्तै व्यवस्था थियो। त्यही व्यवस्थामा टेकेर २०६४ सालमा तत्कालीन प्रधानन्यायाधीश दिलीपकुमार पौडेलले न्यायपरिषद्का सचिव प्रकाशकुमार ढुंगानालाई सबै न्यायाधीशहरूको नागरिकता, शैक्षिक प्रमाणपत्र तथा सिटरोल हेरी जन्ममिति किटान गरी अवकाश हुने मितिसमेत तोक्न निर्देशन दिएका थिए। त्यतिबेलाका सचिव ढुंगाना हाल उच्च अदालत पाटनका मुख्य न्यायाधीश छन्। 'त्यतिबेला निर्णय गरेर, न्यायाधीशहरूको उमेर यकिन गर्ने र अभिलेख राख्ने जिम्मेवारी सचिवको हो भनी अधिकार दिएको थियो,' स्रोतले भन्यो, 'त्यो निर्णयअनुसार उनले त्यतिबेला पुनरावेदन अदालतका न्यायाधीश रहेका गोपाल पराजुलीसहित सबै न्यायाधीशको उमेर उल्लेख गरेर अवकाश हुने मितिसमेत अभिलेखमा राखेका थिए।'

त्यसपछि लामो समयसम्म न्यायाधीशहरूको उमेर विवाद देखिएन। २०७१ सालमा सर्वोच्च अदालत पुगिसकेका न्यायाधीश



गोपाल पराजुलीले नै आफ्नो जन्ममिति २००९ साल साउन २१ बाट २०१० साल वैशाख १६ गते कायम गरिदिन न्यायपरिषद्मा निवेदन दिए। त्यतिबेला नै तत्कालीन प्रधानन्यायाधीश रामकुमारप्रसाद शाहले सचिव कृष्ण गिरीलाई अभिलेख राख्न आदेश दिएका थिए। उनले दोहोर्‍याएर 'सचिवले हेरेर निर्णय गर्ने' भनेर आदेश गरेका थिए। २०७३ साल पुस १ गते तत्कालीन प्रधानन्यायाधीश एवं न्यायपरिषद् अध्यक्ष सुशीला कार्कीले तत्कालीन न्यायाधीश पराजुलीलगायतका केही न्यायाधीशको जन्ममितिलगायतको अभिलेख राख्न लगाएकी थिइन्। त्यही आधारमा न्यायपरिषद्का तत्कालीन सचिव कृष्ण गिरीले आदेशमार्फत् पराजुलीको जन्ममिति कायम गरेका थिए। उनले उमेर मात्रै उल्लेख भएको नागरिकताको प्रमाणपत्र र पछि प्रतिलिपि लिँदाको फरक जन्ममितिमध्ये नागरिकता लिने मितिका आधारमा कायम जन्ममिति २००९ साउन २१ गते कायम हुने भनी निर्णय गरेका थिए। त्यतिबेला पराजुलीले परिषद् सचिवको निर्णयमाथि कुनै चुनौती दिएनन्।

न्यायपरिषद्का तत्कालीन सचिव गिरीले पुनरावेदन अदालत पाटनका न्यायाधीश देवेन्द्रराज शर्माले दायर गरेको मुद्दाको फैसलाका आधारमा मिति कायम गरेका थिए। त्यतिबेला आफूलाई छिटो अवकाश दिई परिषद्बाट अन्याय भएको भन्दै शर्मा सर्वोच्च अदालत पुगेका थिए। उनले त्यतिबेलासमेत न्यायपरिषद्को सचिवालय, अध्यक्ष र सचिवलाई विपक्षी बनाए पनि सदस्यहरूलाई भने मुद्दा हालेनन्। किनभने उनको मिति सच्याउने निर्णयमा सदस्यहरू संलग्न थिएनन्। अध्यक्षकै निर्देशनमा सचिवले मिति कायम गरेका थिए। यो मुद्दामा समेत सुरुमा पेस भएको जन्ममितिकै आधारमा अवकाश हुने फैसला भएको थियो।

'न्यायपरिषद् सचिवले न्यायाधीशहरूको नागरिकता र अन्य प्रमाणपत्र हेरी अवकाश प्राप्त हुने मिति अभिलेख राखी त्यसको जानकारी सम्बन्धित पक्षलाई दिन सक्ने व्यवस्था स्वतः कायम रहेको हो,' सर्वोच्च स्रोतले भन्यो, 'सबै अभिलेख सचिवले राख्ने र प्रधानन्यायाधीशलगायत अरू न्यायाधीशको अवकाशबारे उनले नै जानकारी दिने भनेर हालको न्यायपरिषद् ऐनमा व्यवस्था छ। यो विषयलाई न्यायपरिषद्का पदाधिकारीहरूको बैठकले निर्णय गरिरहनु पर्दैन। न्यायपरिषद्ले कुनै न्यायाधीशलाई अवकाशको जानकारी गराउँदा पूरै पदाधिकारीले निर्णय गर्ने नभई सचिवले नै पत्राचार गर्ने हो।' तर सचिवलाई नै अधिकार प्रत्यायोजन गरिएको विषय भए पनि २०७४ जेठ ३० गते भने न्यायपरिषद्का पदाधिकारीसहितको बैठकले पराजुलीको उमेरबारे निर्णय गरेको थियो। पराजुली स्वयं संलग्न भएर आफ्नो पदावधि बढाउने निर्णय गरेकाले त्यसमा 'स्वार्थको द्वन्द्व' समेत देखिन्थ्यो। पराजुलीले बुधबार साँझ यही निर्णयलाई आधार मान्दै पदाधिकारीहरूले गरेको निर्णय सचिवले उल्ट्याउन नसक्ने दाबी गरेका थिए।

अधिकार प्रत्यायोजनमार्फत यस्ता निकायको क्षेत्राधिकार सचिव/सहसचिवसम्म सर्न सक्छ भन्ने उदाहरण निवर्तमान प्रधानन्यायाधीश पराजुलीले नै कायम गरिदिएका छन्। न्यायसेवा आयोगले गत फागुन ९ गते जिल्ला न्यायाधीशहरूको नतिजा निकाल्यो। प्रधानन्यायाधीशको अध्यक्षतामा गठन हुने आयोगमा कानुनमन्त्री, सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश, लोक सेवा आयोगका अध्यक्ष र महान्यायाधिवक्ता सदस्य हुन्छन्। कानुनमन्त्रीको जिम्मेवारी नतोकिएको, महान्यायाधिवक्ता भोलिपल्ट (फागुन १० गते) नियुक्त हुन लागेको अवस्थामा आयोगका अध्यक्ष पराजुलीले नतिजा निकाल्न सहसचिव यमबहादुर बुढामगरलाई निर्देशन दिए। जब कि आयोगका सचिव रहेका नृपध्वज निरौलालाई यसबारे थाहै दिइएन भने कानुनले कुनै भूमिका नदिएको सर्वोच्चका मुख्य रजिस्ट्रार राजन भट्टराईको रोहबरमा नतिजा निकालिएको थियो। 'आफूले त्यही काम गर्दा हुने, अरूले गर्दा कानुन मिचियो भन्ने अभिव्यक्ति उहाँ हिजोसम्म पदमा रहँदाको मर्यादाले सुहाउने विषय होइन,' सर्वोच्चका ती न्यायाधीशले भने।

## पराजुलीमाथि...

यसरी अनुसन्धान गर्दा अभियुक्तले भ्रष्टाचार गरेको देखिन 'अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिउपर कानुनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्ने' व्यवस्था पनि उक्त धाराकै उपधारा (३) मा छ। यसका अतिरिक्त पराजुलीमाथि सम्पत्ति शुद्धीकरण विभागले अकुत सम्पत्ति भए/नभएको छानबिन गरी स्रोत नखुलेको सम्पत्ति भेटिए विशेष अदालतमा मुद्दा दायर गर्न सक्छ। यसरी पराजुलीमाथि किर्ते र ठगीबाहेक भ्रष्टाचार र अकुत सम्पत्तिको मुद्दा लाग्ने कानुनविद्हरूको राय छ। पराजुलीले आफूले हकै नलाग्ने पदमा बसेर गरेको न्यायसम्पादन र प्रशासनिक निर्णयमाथि पनि वैधताको प्रश्न उब्जिएको कानुविद्हरूको ठहर छ।

'तर राज्य संयन्त्रले उनले गरेका तमाम फैसला उल्टाउन सक्ने सामर्थ्य छ जस्तो मलाई लाग्दैन,' अधिवक्ता ओमप्रकाश अर्यालले भने, 'उनले गरेका प्रशासनिक निर्णयहरू भने उल्ट्याउन बाधा छैन। आफ्नो स्वार्थ पूरा गर्न उनले भान्जीज्वाइँलाई एकै पटक उच्च अदालतको मुख्य न्यायाधीश बनाउनेदेखि आफ्ना मान्छेलाई विभिन्न ठाउँमा सरुवा, बढुवा गरेर सेटिङ मिलाउनेसम्मका काम गरेका छन्, जसले न्यायालयमा विष वृक्ष रोपिन पुगेको छ। यसलाई जरैसम्म उखेलिएन भने त्यो




## जोशी कामु...

संवैधानिक तथा कानुनी मामिला पत्रकारहरूसँगको कुराकानीका क्रममा उनले न्यायालयभित्रको अव्यवस्था हटाई व्यवस्थित बनाउने र छिटोछरितो न्याय सम्पादन व्यवस्था मिलाउने प्रतिबद्धता जनाए। 'हामीले काम गर्दै र सिक्दै जाने हो, त्यस क्रममा संयम अपनाउनुपर्छ,' उनले भने, 'न्यायालयभित्रको अव्यवस्था अन्य कारणले नभई हाम्रै कारणले हो, त्यसलाई सुधार गर्नेछौं।'

उनले पेसी व्यवस्थापनमा सुधार गर्ने, सन्तुलित रूपमा इजलास व्यवस्थापन गर्ने, आफ्नो र सरोकारावालाको मुद्दा सकेसम्म आफैं नहेर्ने रणनीति अपनाउने बताए। कानुन व्यवसायी न्यायालयको अभिन्न अंग रहेको उल्लेख गर्दै उनीहरूसँग सुमधुर सम्बन्ध बनाउने पनि उनले बताए। संवैधानिक प्रक्रियाअनुसार प्रधानन्यायाधीश चयन भएपछि न्यायपालिकाले आफ्ना पूर्वप्रमुख गोपाल पराजुलीलाई बोलाएर बिदाइ गर्ने सोच बनाएको उल्लेख गर्दै उनले न्यायपरिषदका सचिवको पत्रमा प्रश्न गर्न सकिने अवस्था नरहेको प्रतिक्रिया दिए। 'न्यायपरिषदका सचिवलाई तपाईंले देखेको रेकर्ड अद्यावधिक राख्नुस् भनेर परिषद्ले जिम्मेवारी दिएको हुन्छ, त्यसैअनुसार सचिवस्तरीय निर्णय भएको हो,' उनले भने, 'सचिवज्यूले आफ्नो भूमिकाअनुसारै काम गर्नुभएको हो।'

गत जेठ ३० मा आफूले तत्कालीन कायममुकायम प्रधानन्यायाधीश गोपाल पराजुलीलाई आफ्नो निर्णय आफैं गर्नु हुँदैन भनेर सुझाव दिएकोण समेत उनले बताए। आफ्नो कार्यकालमा न्यायपालिकासँग सम्बन्धित ऐतिहासिक महत्त्वका अभिलेखहरू राख्ने गरी न्यायपलिकासम्बन्धी संग्रहालय स्थापनाको सोच बनाएको उनले जनाए।

## 'न्यायालय पारदर्शी हुनुपर्छ'




अमेरिकी राजदूत

काठमाडौं (कास)- लोकतन्त्रलाई संस्थागत गर्नुका साथै मानव अधिकार संरक्षण र अब्बल न्याय सम्पादनका लागि न्यायालय पारदर्शी हुनुपर्ने अमेरिकी राजदूत अलैना बी टेप्लिट्जले बताएकी छन्। नेपाल र अमेरिकाका विभिन्न कलेजमा कानुन विषय अध्ययनरत विद्यार्थीको 'मुट कोर्ट इभेन्ट' को सर्वोच्च अदालतकी न्यायाधीश सपना प्रधान मल्लसँग संयुक्त रूपमा आरम्भ गर्दै उनले यस्तो बताएकी हुन्। अदालत पारदर्शी र जनमुखी हुन सके भ्रष्टाचार नियन्त्रणमा सहयोग पुग्नुका साथै वाक् स्वतन्त्रताको पनि सम्मान हुने उनले बताइन्।

पछिल्लो समय नेपालमा अदालतको विषयमा छुट्टै प्रकारको बहस चलिरहँदा यस्तो कार्यक्रम काठमाडौंमा हुनुलाई संयोगका रूपमा मात्र लिनुपर्ने उनले बताइन्। उनले नेपालमा लोकतन्त्रको असली अभ्यास भइरहेको उल्लेख गरिन्। 'मुट कोर्ट इभेन्ट' मा नेपाल र अमेरिकाका कानुनका विद्यार्थीले बहस गर्नेछन्। दुईपक्षीय सहकार्यदेखि विविध क्षेत्रमा छलफल हुनेछ। 'यस्तो छलफल र बहसले जनस्तरको सम्बन्ध विस्तार हुने विश्वास दूतावासको छ,' टेप्लिट्जले भनिन्, 'सरकारीस्तरमा मात्र होइन, कूटनीतिमा जनस्तरको सम्बन्ध अर्को महत्त्वपूर्ण पाटो हो, हामीले त्यसमा ध्यान दिएका छौं।' नेपालका विभिन्न पाँच कानुन क्याम्पस र अमेरिकाको हर्बर्ट विश्वविद्यालयका सात कानुनका विद्यार्थीबीच यो बहस तीन दिनसम्म चल्नेछ। न्यायाधीश, उच्च प्रहरी अधिकारी, प्राध्यापक, अधिवक्तालगायतको उपस्थिति रहने बहसमा विभिन्न क्षेत्रका व्यक्तिले मुटकोर्टको न्यायाधीश बनेर बहस सुन्नेछन्।

कार्यक्रममा न्यायाधीश मल्लले नयाँ पुस्ताले पुरानाबाट सिक्ने र नयाँ ज्ञानको उपयोगसमेत हुने भएकाले यस्ता बहसको महत्त्व हुने बताइन्। 'पछिल्लो चरणमा अदालतबारे जनतामा उत्पन्न अन्योलको चरण पार भएको उनको भनाइ थियो।






## छोटकरी

### मलेसियामा एक नेपालीको मृत्यु

क्वालालम्पुर (कास)- मलेसियाबाट स्वदेश फर्कने तयारीमा रहेका अंगेश तामाङको मंगलबार मृत्यु भएको छ । गैरकानुनी अवस्थामा कार्यरत रहेको अभियोगमा करिब ३ महिनाअघि पक्राउ परेका तामाङ मलेसियाको जोहोरस्थित पोन्टेनको फिर्ती केन्द्र (डिपोर्टेसन सेन्टर) मा थिए । दूतावासका द्वितीय सचिव महेश्वर त्रिपाठीका अनुसार तामाङ जेल सजाय पूरा गरेर मार्च २२ मा स्वदेश फिर्ने मिति तय भएको थियो । उनको मृत्युबारे फिर्ती केन्द्रले बुधबार दूतावासलाई जानकारी गराएको हो । माझीफेदा गाविस, काभ्रेका तामाङको सेप्टी सक र भाइरस इन्फेक्सनका कारण मृत्यु भएको पोस्टमार्टम रिपोर्टमा उल्लेख छ । ‘स्वदेश फर्काउन टिकट लिने तयारी भइरहेको थियो । तर, अचानक उनको मृत्यु भएको खबर आयो,’ उनलाई स्वदेश फर्काउन समन्वय गर्दै आएका नेपाल आदिवासी जनजाति महासंघ मलेसियाका अध्यक्ष पिटी शेर्पाले भने । तामाङको शव परिवार वा आफन्तजनबाट आधिकारिक मञ्जुरीपत्र प्राप्त भएपछि नेपाल पठाइने दूतावासले जनाएको छ ।

### अध्यागमन सुरक्षामा अमेरिकी चासो

काठमाडौं (कास)- काठमाडौंस्थित अमेरिकी दूतावासले अध्यागमन सुरक्षा सम्बन्धमा गृह मन्त्रालयसँग सहकार्य गर्ने प्रस्ताव राखेको छ । गृहमन्त्री रामबहादुर थापासँग बिहीबारको भेटमा नेपालका लागि अमेरिकी राजदूत अलाइना बी टेप्लिजले यस्तो अपेक्षा राखेकी हुन् । राजदूतले अमेरिकी नागरिकबाट नेपाल सरकारले लिने प्रवेशाज्ञा शुल्क पुनरावलोकन हुनुपर्ने विषयमा पनि ध्यानकार्षण गराएकी थिइन् । राजदूत टेप्लिजले मानव तस्करी नियन्त्रण, भुटानी शरणार्थी, तिब्बती शरणार्थीको व्यवस्थापनका विषयमा पनि कुरा राखेकी थिइन् ।

### पूर्वउपकुलपति शर्माको निधन

काठमाडौं (कास)- त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति प्राध्यापक डा. गोविन्द शर्माको ७१ वर्षको उमेरमा निधन भएको छ । कलेजोका बिरामी शर्माको निधन रूसमा भएको हो । उनी तीन वर्षदेखि रूसी पत्नीका साथ उतै बस्दै आएका थिए ।

# मन्त्रिपरिषद्लाई पूर्णता दिने तयारी

**दुई दिनभित्रै मन्त्रिपरिषद् विस्तार गरिने, फोरम सहभागी हुँदै, राजपा अनिर्णीत**

**सल्लाहकार समूह र सचिवालय ‘सानो र छरितो’**

■ **दुर्गा खनाल**


काठमाडौं- प्रधानमन्त्री केपी ओलीले संसद्बाट दुई तिहाइभन्दा बढीको विश्वासको मत लिएपछि मन्त्रिपरिषद्लाई पूर्णता दिने तयारी थालेका छन् । अब दुई दिनभित्र मन्त्रिपरिषद्लाई पूर्णता दिने योजना उनको छ । राष्ट्रपति निर्वाचनसमेत सकिएकाले मन्त्रिपरिषद्लाई पूर्णता दिने विषयमा उनले बिहीबार वाम गठबन्धनका नेता एवं माओवादी अध्यक्ष पुष्पकमल दाहालसँग छलफल गरे ।

‘मन्त्रिपरिषद्लाई पूर्णता दिने विषयमै दुई अध्यक्षबीच कुरा भएको हो । सम्भवतः शुक्रबारसम्म गरिसक्ने तयारी छ,’ प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार विष्णु रिमालले कान्तिपुरसँग भने, ‘मन्त्रिपरिषद्लाई पूर्णता दिन ढिलो गर्नु हुँदैन भन्नेमा प्रधानमन्त्री हुनुहुन्छ, एक/दुई दिनमा पूर्णता पाउँछ ।’

गत फागुन ३ मा प्रधानमन्त्री नियुक्त भएका ओलीले संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीलाई समेत सरकारमा ल्याउन मन्त्रिपरिषद् विस्तारमा केही ढिलाइ गरिरहेका थिए । एक महिना अवधिमा प्रधानमन्त्री ओलीले फोरम र राजपालाई आफ्ना पक्षमा ल्याएका छन् । दुवै दलले संसद्मा ओलीका पक्षमा विश्वासको मत दिए । त्यसैले अबको विस्तारमा दुवै दललाई समेट्ने तयारी छ । फोरमसँग अन्तिम कुराकानी भइसकेको छ । त्यसैले अबको विस्तारमा फोरम पनि सहभागी हुने सम्भावना रिमालले औंल्याए ।

फोरमका सहअध्यक्ष राजेन्द्र श्रेष्ठले सरकारमा सामेल हुन अब आफूहरूलाई समस्या नरहेको बताए । ‘संविधान संशोधनलगायतका विषयमा करिब सबै कुरा मिलिसकेको छ, त्यसैले अब सरकारमा सहभागी हुन हामीलाई समस्या छैन,’ श्रेष्ठले भने, ‘कति वटा मन्त्रालय, कुन मन्त्रालय भन्ने टुंगिएको छैन, तर अब यो विषयकै कारण सरकारमा संलग्न नहुने भन्ने अवस्था छैन ।’ फोरमले वाम गठबन्धनसँग तीनवटा मन्त्रालय मागेको छ । तर गठबन्धनले दुइटा मात्र दिने तयारी गरेको छ । दुइटा मन्त्रालय पाउँदा राष्ट्रिय सभाको उपाध्यक्ष वा उपसभामुख आफूले पाउनुपर्ने अडान फोरमको छ । तर उपसभामुखमा एमालेले आफैं उम्मेदवारी दिएकाले अब दुई मन्त्री र एक राज्यमन्त्री फोरमलाई दिने सम्भावना छ ।

राजपा भने तत्कालै सरकारमा सहभागी हुने कि नहुने भन्ने स्पष्ट भइसकेको छैन । शुक्रबारसम्म उनीहरूसँग पनि अन्तिम कुरा गर्ने तयारी गठबन्धनको छ । राजपासँग कुरा नटुंगिए पनि अब पर्खने मनस्थितिमा प्रधानमन्त्री छैनन् । फोरमलाई मात्र लिएर भए पनि मन्त्रिपरिषद्लाई पूर्णता दिने उनको योजना छ ।



प्रधानमन्त्री ओली नेतृत्वको मन्त्रिपरिषद् हाल ७ सदस्यीय छ । मन्त्रालयको संख्या १८ कायम गरिएकाले अब ११ वटा मन्त्रालयमा मन्त्री नियुक्त गर्नुपर्नेछ । अहिले एमालेबाट ४ जना मन्त्री बनिसकेका छन् भने माओवादीबाट २ जना मन्त्रिपरिषद्मा सामेल छन् । एमाले र माओवादीले १० र ७ वटा मन्त्रालय भागबन्डा गरेका थिए । अब फोरमलाई दुइटा मन्त्रालय दिने भए दुवै दलले आ-आफ्नो कोटाबाट बाँडफाँट गर्नेछन् ।

मन्त्रिपरिषदमा सहभागी हुने नेताहरूको नाम भने बिहीबारसम्म दुवै दलले तय गरिसकेका छैनन् । मन्त्री छनोट गर्ने जिम्मेवारी दुवै दलले पार्टी अध्यक्षलाई दिएका छन् । मन्त्रिपरिषद् विस्तार हुने बेला नै अध्यक्षहरूले नाम सार्वजनिक गर्ने एक नेताले बताए । दुवै दलमा आकांक्षीहरूको संख्या धेरै भएकाले नाम तय गर्न सकस परेको हो । नाम सार्वजनिक गरिहाल्दा झन् दबाब बढ्ने भएकाले अन्तिम समयमा छनोट गर्ने दुवै दलका अध्यक्षको योजना छ । मन्त्री बनाउँदा प्रादेशिक सन्तुलन र समावेशितालाई पनि ध्यान दिइने तर काम गर्न सक्ने व्यक्तिलाई प्राथमिकता दिने प्रधानमन्त्रीको मनस्थिति छ ।

यसपटक प्रधानमन्त्री कार्यालयमा अधिकारसम्पन्न मन्त्री राख्ने तयारी छ । राष्ट्रिय अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण विभागलगायतका शक्तिशाली निकायहरू पनि प्रधानमन्त्री कार्यालयमा गाभिएपछि त्यहाँ मन्त्री नै राख्न लागिएको हो ।

प्रधानमन्त्री ओलीले यसपटक आफ्नो सल्लाहकार र स्वकीय सचिवालयको समूह पनि छरितो बनाउने भएका छन् । विगतमा जस्तो धेरै व्यक्ति नराखिने प्रमुख राजनीतिक सल्लाहकार रिमालले जानकारी दिए । ‘राज्यकोषमा धेरै आर्थिक भार पर्ने काम नगर्ने भन्ने छ, त्यसैले कामकाजी खालको सानो सल्लाहकार समूह मात्र राख्ने तयारी छ,’ रिमालले भने, ‘प्रधानमन्त्री कार्यालयको कर्मचारी संयन्त्रलाई नै बढी कामकाजी र जिम्मेवार बनाउने भन्ने छ ।’ प्रधानमन्त्रीसँग जोडिने व्यक्तिहरूका क्रियाकलापले पनि कतिपय काममा विवाद र अप्ठ्यारो आउन सक्ने भएकाले छरितो समूहबाट काम लिने योजनामा प्रधानमन्त्री छन् ।

प्रधानमन्त्रीको समूहमा हाल प्रमुख राजनीतिक सल्लाहकारका रूपमा रिमालसहित सञ्चार सम्प्रेषकका रूपमा रामशरण बजगाईं र स्वकीय सचिवालयमा राजेश बज्राचार्य र दीपेन्द्र दाहाल मात्र औपचारिक रूपमा नियुक्त भएका छन् । अब राष्ट्रिय सुरक्षा सल्लाहकारको अवधारणाअनुसार अलिक शक्तिशाली भूमिकाको सल्लाहकार नियुक्त गर्ने तयारी छ ।

# राष्ट्रपतिलाई भारत र चीनको बधाई

काठमाडौं (कास)- नवनिर्वाचित राष्ट्रपति विद्यादेवी भण्डारीलाई छिमेकीद्वय भारत र चीनका राष्ट्रपतिहरू क्रमशः रामनाथ कोविन्द र सी चिनफिङले बधाई दिएका छन् । उनीहरूले छुट्टाछुट्टै शुभकामना सन्देश पठाएर सफल कार्यकालको कामना गरेका हुन् । नेपालका लागि चिनियाँ राजदूत यु होङले बिहीबार शीतलनिवास पुगी राष्ट्रपति सी चिनफिङले पठाएको बधाई तथा शुभकामना सन्देश हस्तान्तरण गरेकी थिइन् । राजदूत होङ र राष्ट्रपति भण्डारीबीच दुई देशबीचको सम्बन्ध अझ प्रगाढ बनाउनेबारे छलफल भएको थियो । राष्ट्रपतिलाई बंगलादेशका राष्ट्रपति अब्दुल अहमद र सार्कका महासचिव अमजद बी सियालले पनि बधाई दिएका छन् ।






# उपसभामुखमा तुम्बाहाम्फे र भुसाल प्रतिस्पर्धी

काठमाडौं (कास)- प्रतिनिधिसभाको उपसभामुख पदका लागि सत्तारूढ एमालेबाट शिवमाया तुम्बाहाम्फे तथा प्रमुख प्रतिपक्षी कांग्रेसबाट पुष्पा भुसालले उम्मेदवारी दिएका छन् । उपसभामुखको निर्वाचन शुक्रबार हुँदै छ ।

सभामुखमा माओवादी नेता कृष्णबहादुर महरा निर्वाचित भइसकेका छन् । सभामुख र उपसभामुख फरक लिंग र फरक दलको हुनुपर्ने कानुनी व्यवस्था छ । सभामुखमा पुरुष निर्वाचित भइसकेकाले उपसभामुखमा महिलाको मात्रै उम्मेदवारी परेको हो । वाम गठबन्धनमा आबद्ध एमाले र माओवादी केन्द्र एकता प्रक्रियामा रहेकाले उनीहरू एक भएपछि सभामुख र उपसभामुख एउटै दलको हुने भन्दै कांग्रेसले आफ्नो उम्मेदवारी दिएको हो । जबकि कांग्रेसले सभामुख पदमा उम्मेदवारी दिएको थिएन । प्रतिनिधिसभाको पहिलो बैठक बसेको १५ दिनभित्र सभामुख र उपसभामुखको निर्वाचन गरिसक्नुपर्ने कानुनी व्यवस्थाअनुसार निर्धारित समय सीमाभित्रै चुनाव हुन लागेको हो ।







# गोर्खा मुद्दाको दस्तावेज तयार

लन्डन (कास)- बेलायत र नेपाल सरकार एवं भूपू गोर्खा प्रतिनिधि सम्मिलित प्राविधिक समितिले गोर्खा मुद्दाको अन्तिम दस्तावेज तयार पारेको छ । बुधबार लन्डनस्थित नेपाली दूतावासमा भएको त्रिपक्षीय प्राविधिक समितिको पाँचौं चरणको वार्ताले भूपू गोर्खाले उठाउँदै आएका मुद्दाको लिखित दस्तावेजलाई अन्तिम रूप दिएको हो ।

उक्त दस्तावेज यही मार्च २२ तारिखमा बेलायती रक्षा मन्त्रालय (एमओडी) मा बुझाइने दूतावासका उपनियोग प्रमुख एवं वार्तामा नेपाल सरकारका प्रतिनिधि शरदराज आरणले जानकारी दिए । प्रतिवेदन नेपाल सरकारलाई काठमाडौंमा समेत हस्तान्तरण गरिनेछ । गेसो सभापति कृष्णकुमार राईले यसअघि चार चरणको वार्तामा भएका एजेन्डालाई आधिकारिकता दिइएको जनाए । ‘हामीले उठाउँदै आएका सबै माग र बेलायती रक्षा मन्त्रालयका प्रतिनिधिको भनाइमा सहमति जुटाई हस्ताक्षर भएको छ,’ उनले कान्तिपुरसँग भने । राईका अनुसार दूतावासका तर्फबाट शरदराज आरण र बेलायती रक्षा मन्त्रालयका डामियन प्याटरसनबीच हस्ताक्षर भएको हो ।

समितिको अन्तिम प्रतिवेदनमा तीन दशकदेखि भूपू गोर्खाले उठाउँदै आएका सबै माग समेटिनु र दुई देशका सरकारी प्रतिनिधिबीच हस्ताक्षर हुनु गोर्खाहरूको विजयसरह भएको गेसो सभापति राईको बुझाइ छ । ‘हामीले यतिबेला नेपाल र बेलायत सरकार दुवै गोर्खाका समस्यामा चिन्तित पाएका छौं । वार्तामा बसेका बेलायती रक्षा मन्त्रालयका प्रतिनिधिले समेत समान पेन्सन सवाललाई सकारात्मक रूपमा लिएकाले गोरखाका लागि राम्रो परिणाम आउनेमा विश्वस्त छौं,’ राईले भने, ‘अब नेपाल सरकारले कसरी हाम्रा कुरा उठाउन सक्छ, त्यसमै गोर्खाहरूको सफलता निर्भर हुन्छ ।’


| DAY | 8:30 | 8:45-9:20 | 9:20-9:30 | 9:30-10:35 | 10:35-10:55 | 10:55-12:00 | 12:00-12:35 (Lunch) | 12:35- 1:40 | 1:40-1:55 | 1:55-3:00 | 3:00- 3:20 | 3:20-4:20 | 4:20-4:40 | 4:40-6:00 | 6:00 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Sun | Arrival Time | Yoga | Welcome Drinks | 1st Period and Sanskrit Class | Morning Assembly | Regular Class 2nd Period | Dal, Bhat, Tarkari, Achar, Saag | Regular Class 3rd period | Fruits Time | Regular Class 4th Period | Diary Checking & Evening Assembly | Remedial Class | Thukpa | ECA Programs | Departure Time |
| Mon | | | | | | | Raajma Curry, Bhat, Tarkari, Achar, Papad | | | | | | Samosa | | |
| Tues | | | | | | | Dal, Bhat, Tarkari, Salad, Papad | | | | | | Roti Tarkari | | |
| Wed | | | | | | | Soup Curry, Bhat, Tarkari, Achar, Saag | | | | | | Chowmin | | |
| Thurs | | | | | | | Dal, Bhat, Tarkari, Papad, Salad | | | | | | Fried Rice | | |
| Fri | | | | | | | Paneer Curry, Bhat, Tarkari, Achar, Papad | | | | | | Veg Mo:Mo | | |

# नेपाल सरकार
# गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय, मकवानपुर

# क्षतिपूर्ति सम्बन्धी सुचना

**प्रथमपटक प्रकाशित मिति २०७४/१२/२**

माण्डु हाईड्रोपावर लि., प्रवर्द्धक रहेको बागमती साना जलविद्युत आयोजना (२२ मे.वा.) को पावर हाउस (Power House) देखि ६६ के.भी. प्रसारण लाईन (कुलेखानी प्रथम जलविद्युत केन्द्र) को सब-स्टेशन (Sub-Station) सम्म पर्ने १३.६ कि.मि. जुन हाल भिमफेदी गा.पा.वडा नं. ५,६,७ र ८ भित्र पर्ने (साविक कोगटे, भिमफेदी र ईपापन्चकन्या गा.वि.स., उखुबारी) विभिन्न स्थानका आयोजनाबाट प्राप्त विवरण बमोजिम तपशिलका १५६ जना जग्गाधनीहरूका देहाय कि.नं. र ज. रोपनीमध्ये उल्लेख भएको ज. रोपनीको आयोजनाको प्रसारण लाईनको एलाइनमेन्ट (Right Of Way) मुनी पर्ने जग्गाहरूको क्षतिपूर्ति मात्र दिने सर्न्दभमा सम्बन्धित जग्गाधनीहरूको जानकारीको लागि जग्गा प्राप्ति ऐन, २०३४ (संशोधन सहित) अनुसार १५ दिने सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ दिनभित्र सरोकारवाला जग्गाधनीले आ-आफ्नो हकदैया भोगचलनको प्रमाण सहितको निवेदन जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा दिनुहुन अनुरोध छ । तोकिएको म्यादभित्र निवेदन नदिई म्याद गुजारेको खण्डमा कानून बमोजिम भैजाने व्यहोरा समेत अनुरोध छ ।

**क्षतिपूर्ति दिने जग्गाहरूको विवरण:**

| सि.नं. | नगरपालिका/ गा.वि.स. | वार्ड नं. र नक्सा नं. | कित्ता नं. | जग्गा धनीको नाम, थर र वतन | श्रेस्ता अनुसारको क्षेत्रफल (रोपनी-आना-पैसा-दाम) | तर्फ | RoW मा पर्ने क्षेत्रफल (रोपनी-आना-पैसा-दाम) | मो.पा.न | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | इपा उखूबारी | ४घ | ३८ | सहदेव दानी<br>बाबू:धनबहादुर दानी | ४-१-०-० | उत्तर पुर्व | ०-०-३-१ | ४/९४ | |
| २ | इपा उखूबारी | ४घ | ५७ | विजय सापकोटा<br>बाबू:श्याम कृष्ण सापकोटा | ३-१२-०-० | बीच | १-१०-१-४ | लुज अनलाइन | |
| ३ | इपा उखूबारी | ४घ | ३६ | कूसूम कूमार दानी<br>बाबू:धन बहादूर दानी | ४-०-०-० | दक्षिण पश्चिम | ०-१५-०-१ | ४/२२ | |
| ४ | इपा उखूबारी | ४घ | ३५ | सन्तोष लामिछाने<br>बाबू:लालबहादूर | ३-१२-०-० | उत्तर | ०-०-०-१ | ३/५७३ | |
| ५ | इपा उखूबारी | ४घ | २ | नाम खाली | ०-०-०-० | पुर्व | १-६-०-० | | |
| ६ | इपा उखूबारी | ५ख | ४४ | नाम खाली | ०-०-०-० | बीच | १-२-२-१ | | |
| ७ | इपा उखूबारी | ५ख | ६१ | केदार कार्की<br>भूवनचन्द्र कार्की | ०-१०-०-० | बीच | ०-४-१-३ | २०७०/ १५ | |
| ८ | इपा उखूबारी | ५ख | ६० | केदार कार्की<br>भूवनचन्द्र कार्की | ०-१०-२-० | बीच | ०-३-३-२ | २०७०/ १५ | |
| ९ | इपा उखूबारी | ५ख | ५९ | जनक कमार कार्की<br>बाबू:भूवनचन्द्र कार्की | ०-१०-२-० | बीच | ०-१-२-४ | ३/५४३ | |
| १० | इपा उखूबारी | ५ख | ६८ | लाल ब. कार्की<br>बाबू:गणेश ब. कार्की | ०-७-२-० | पूरा | ०-७-२-० | ४/७३ | |
| ११ | इपा उखूबारी | ५ख | ३२ | कृष्ण ब. कार्की कठेत समेत ४ जना<br>बाबू:जित बहादूर | २-१३-२-० | दक्षिण पश्चिम | ०-०-०-३ | २/४७७ | |
| १२ | इपा उखूबारी | ५ख | ३४ | लाल ब. कार्की<br>बाबू:गणेश ब. कार्की | ०-३-०-० | उत्तर | ०-०-३-३ | ४/७३ | |
| १३ | इपा उखूबारी | ५ख | ६७ | मीन ब. कार्की<br>बाबू:गणेश ब. कार्की | १-१३-०-० | पश्चिम | ०-६-३-३ | ४/६४ | |
| १४ | इपा उखूबारी | ५ख | ८७ | हिरा माया घिसिङ<br>पति:सिङ ब. घिसिङ,<br>ससूरा:जगत ब. घिसिङ | १-१०-३-० | दक्षिण | ०-८-३-२ | लुज अनलाइन | |
| १५ | इपा उखूबारी | ५ख | २९ | नाम खाली | ०-०-०-० | बीच | १-८-२-२ | | |
| १६ | इपा उखूबारी | १ख | ६१ | राजेन्द्र राज कठायत समेत जना ४<br>बाबू:राम ब. | २-८-०-० | बीच | १-३-२-१ | २/३८७ | |
| १७ | इपा उखूबारी | १ख | ५९ | नाम खाली | ३-०-०-० | दक्षिण | ०-३-२-२ | | |
| १८ | इपा उखूबारी | १ख | ५६ | अम्बे सार्की<br>बाबू:नेप्टे सार्की | २-१०-२-० | उत्तर | ०-२-०-० | २०७२/ ११/२० | |
| १९ | इपा उखूबारी | १ख | ३४ | सन्तोष लामिछाने<br>बाबू:लालबहादुर | ३-१२-०-० | दक्षिण | ०-१५-०-३ | ३/५७३ | |
| २० | इपा उखूबारी | १ख | ६३ | मान ब. सार्की<br>बाबू:नेप्टे सार्की | ४-१२-०-० | उत्तर | ०-०-०-२ | २०७२ लुज | |
| २१ | इपा उखूबारी | १ख | १०२ | तिर्थ ब. रमतेल सार्की<br>बाबू:पोडे | १-१-०-० | उत्तर | ०-३-३-३ | २०७२ लुज | |
| २२ | इपा उखूबारी | १ख | ६७ | लिला सर्किनी<br>बाबू वा पति:धने सार्की | ५-०-२-० | उत्तर | ०-५-२-३ | २०६६/ २/१६ | |
| २३ | इपा उखूबारी | १ख | १०१ | भगवती लामिछाने | १-३-०-० | दक्षिण | ०-०-०-० | २०७२/ १/२० | |
| २४ | इपा उखूबारी | १ख | ६५ | लिला सर्किनी<br>बाबू वा पति:धने सार्की | ४-३-२-० | उत्तर | ०-३-२-२ | २०७२/ ११/२३ लुज | |
| २५ | इपा उखूबारी | १ख | ११४ | सरोज लामिछाने<br>रज कू. लामिछाने | २-१४-०-० | दक्षिण | १-६-०-१ | लुज अनलाइन | |
| २६ | इपा उखूबारी | १ख | ३२ | अमर ब. खत्री | १-१३-०-० | उत्तर | ०-६-२-१ | | |
| २७ | इपा उखूबारी | १ख | ३० | डमर ब. खत्री | ०-१३-०-० | दक्षिण | ०-०-३-३ | १/११७ | |
| २८ | इपा उखूबारी | १ख | ३१ | अमर ब. खत्री | १-१२-०-० | बीच | १-१-१-२ | ३/५७३ | |
| २९ | इपा उखूबारी | २ग | ३ | अकल ब. कठेत<br>बाबू:हर्क ब. | २-१२-०-० | बीच | ०-१०-१-४ | १/४ | |
| ३० | इपा उखूबारी | २ग | ५ | तूलसी प्रसाद अधिकारी<br>बाबू:मराज अधिकारी | ६-४-०-० | उत्तर | ०-१-१-३ | ३/५४६ | |
| ३१ | इपा उखूबारी | २घ | २९ | आनन्द प्रसाद अर्याल, बद्री प्रसाद अर्याल<br>बाबू:डिल्ली प्र.अर्याल | ३-१२-०-० | बीच | ०-११-२-० | २०७३/ ५ | |
| ३२ | इपा उखूबारी | २घ | २७ | कृष्णप्रसाद अर्याल<br>बाबू:झम्कनाथ अर्याल | ५-४-०-० | बीच | ०-१३-२-४ | | |
| ३३ | इपा उखूबारी | २घ | २२ | रामप्रसाद अर्याल<br>बाबू:झम्कनाथ अर्याल | ७-०-०-० | दक्षिण | १-१०-२-३ | ५/१९८ | |
| ३४ | इपा उखूबारी | ३ट | २५ | कृष्ण ब. काकी<br>बाबू:भद्र ब. | ६-०-०-० | उत्तर पुर्व | ०-५-१-२ | ४/१७ | |
| ३५ | इपा उखूबारी | ३ त्र | २१ | झम्क ब. ज्यापू | १४-८-०-० | उत्तर | ०-१-२-२ | १/११४ | |
| ३६ | इपा उखूबारी | ३ त्र | ५४ | खड्ग सिं ठकूरी<br>बाबू:ज्वाला सिं ठकूरी | १-५-१-३ | दक्षिण | ०-११-२-० | लुज | |
| ३७ | इपा उखूबारी | ३ त्र | ४२ | अं कूमारी ठकूरी<br>बाबू:एकक ब. ठकूरी | १-११-१-३ | दक्षिण | ०-८-२-४ | लुज | |
| ३८ | इपा उखूबारी | ३ त्र | ४३ | नकूल सिं ठकूरी<br>बाबू:ज्वाला सिं ठकूरी | १-११-१-३ | दक्षिण | ०-४-०-२ | लुज | |
| ३९ | इपा उखूबारी | ३ त्र | ४४ | घनश्याम सिं ठकूरी<br>बाबू:ज्वाला सिं ठकूरी | १-११-१-३ | दक्षिण | ०-०-२-४ | लुज | |
| ४० | इपा उखूबारी | ३ त्र | ४० | ज्वाला सिं ठकूरी<br>बाबू:थमन सिं ठकूरी | ५-१३-३-० | उत्तर | ०-१५-०-१ | लुज | |
| ४१ | इपा उखूबारी | ३ त्र | ३९ | खड्ग सिं ठकूरी<br>बाबू:ज्वाला सिं ठकूरी | २-६-३-१ | उत्तर | ०-७-३-२ | लुज | |
| ४२ | इपा उखूबारी | ३ त्र | ३८ | अं कूमारी ठकूरी<br>बाबू:एकक ब. ठकूरी | २-६-३-१ | उत्तर | ०-८-१-१ | लुज | |
| ४३ | इपा उखूबारी | ३ त्र | ४५ | जनश्याम सिं ठकूरी<br>बाबू:ज्वाला सिं ठकूरी | १-११-१-३ | दक्षिण | ०-०-०-३ | लुज | |
| ४४ | इपा उखूबारी | ३ त्र | ४६ | ज्वाला सिं ठकूरी<br>बाबू:थमन सिं ठकूरी | ३-६-३-१ | बीच | १-२-३-१ | लुज | |
| ४५ | इपा उखूबारी | ३ त्र | ३७ | नकूल सिं ठकूरी<br>बाबू:ज्वाला सिं ठकूरी | २-६-३-२ | उत्तर | ०-३-१-१ | लुज | |
| ४६ | इपा उखूबारी | ३ त्र | ५८ | बिनिता ठकूरी | १३-१-०-० | बीच | २-८-३-३ | लुज | |
| ४७ | इपा उखूबारी | ३ त्र | ५६ | हर्क नेवार समेत ४<br>बाबू:कृष्ण बहादूर | ३०-६-०-० | बीच | ०-८-२-३ | | |
| ४८ | इपा उखूबारी | ३ त्र | ५६ | हर्क नेवार समेत ४<br>बाबू:कृष्ण बहादूर | ३०-६-०-० | बीच | ५-१५-२-३ | लुज | |
| ४९ | कोगटे | ७<br>१०८ ०१३५ | ५१ | सन्त ब. पिठाकोटे<br>बाबू:कृष्ण ब. | १-१५-३-० | पुर्व | ०-१२-३-४ | ३/४४१ | |
| ५० | कोगटे | ७<br>१०८ ०१३५ | ५२ | मिठु पिठकोटे समेत जना ३ | १-१५-०-० | पुर्व | ०-७-३-२ | ५/४२ | |
| ५१ | कोगटे | ७<br>१०८ ०१३५ | ७५ | लक्ष्मी पिठाकोटे | १-०-०-० | पुर्व | ०-०-०-३ | लुज ०७३ | |
| ५२ | कोगटे | ७<br>१०८ ०१३५ | ३३ | कृष्ण ब. पिठाकाटी<br>बाबू:लाटा | २-८-३-० | बीच | १-९-२-४ | १/३२ | |
| ५३ | कोगटे | ७<br>१०८ ०१३५ | ७२ | आनन्द ब. पिठाकोटे<br>बाबू:कृष्ण ब. पिठाकोटे | २-१२-०-० | पश्चिम | ०-१०-२-४ | ५/२ | |
| ५४ | कोगटे | ७<br>१०८ ०१३५ | ७३ | सन्त ब. पिठाकोटे<br>बाबू:कृष्ण ब. | ०-५-०-० | पश्चिम | ०-०-३-१ | लुज | |
| ५५ | कोगटे | ७<br>१०८ ०१३५ | ३१ | रेशम ब. पिठा कोटेमार<br>बाबू:चेत ब. | ४-८-१-० | दक्षिण पश्चिम | ०-०-१-४ | लुज | |
| ५६ | कोगटे | ७<br>१०८ ०१३५ | ३५ | कटक ब. चूनी मगर<br>बाबू:दिल ब. | १३-१०-१-० | उत्तर | २-१०-०-२ | १/३२ | |
| ५७ | कोगटे | ७<br>१०८ ०१३५ | ६९ | सूर्ज बहादूर आले, खड कूमारी आले<br>बाबू:थमग ब. आले, भैरव ब.पूलामी | ११-४-३-० | बीच | ३-३-०-० | ४/१४१ | |
| ५८ | कोगटे | ७<br>१०८ ०१३५ | ६८ | चन्द्र ब. आले मगर<br>बाबू:हित ब. आले मगर | १६-०-०-० | पुर्व | १-३-१-४ | ४/३४ | |
| ५९ | कोगटे | ७<br>१०८ ०१३५ | ९५ | खड कूमारी आले<br>बाबू:भैरव ब. पूलामी | ६-५-३-० | बीच | १-१५-०-० | लुज | |
| ६० | कोगटे | ७<br>१०८ ०१३५ | ६६ | चन्द्र ब. आले मगर<br>बाबू:हित ब. आले मगर | ६-१३-०-० | पुर्व | १-५-०-२ | लुज | |
| ६१ | कोगटे | ७<br>१०८ ०१३५ | ५४ | राम ब. आले<br>बाब:खड्ग ब. आले | १४-०-०-० | पश्चिम | १-११-३-३ | ४/११८ | |
| ६२ | कोगटे | ५<br>१०८ ०१३४ | ४३ | झम्क ब. सुनार<br>बाबू:सेर ब. | २-१५-१-० | बीच | ०-१५-०-० | ३/३८८ | |
| ६३ | कोगटे | ५<br>१०८ ०१३४ | ६४ | हरिचन्द्र आले<br>बाबू:हरि भगत आले | १-१४-२-० | दक्षिण | ०-०-०-२ | ५/७४ | |
| ६४ | कोगटे | ५<br>१०८ ०१३४ | ५० | राम ब. आले<br>बाबू:राम ब. | ३-१३-०-० | दक्षिण | ०-६-३-१ | २/३२६ | |
| ६५ | कोगटे | ५<br>१०८ ०१३४<br>१०८ ००९४ | ३० | रेष ब. आले मगर<br>बाबू:पदम ब. | १७-७-१-० | दक्षिण | १-११-१-३ | २०७१/ ८१ | |
| ६६ | कोगटे | ५<br>१०८ ०१३४<br>१०८ ००९४ | २९ | रेष ब. आले मगर<br>बाबू:पदम ब.म | ६-०-१-० | बीच | २-२-२-१ | २/३२९ | |
| ६७ | कोगटे | ५<br>१०८ ००९४ | ७४ | हरि ब. राना मगर<br>बाबू:कूल ब. राना मगर | ५-९-२-० | दक्षिण | ०-११-२-२ | लुज ०७३ | |
| ६८ | कोगटे | ५<br>१०८ ००९४ | २५ | हरि ब. राना मगर<br>बाबू:कूल ब. राना मगर | ६-८-१-० | बीच | २-११-१-२ | ३/४५४ | |
| ६९ | कोगटे | ५<br>१०८ ००९४ | १९ | बासुदेव चूनि मगर<br>पदम ब. चूनि मगर | १०-४-०-० | बीच | १-४-०-१ | २०६९ | |
| ७० | कोगटे | ५<br>१०८ ००९४ | ५६ | निसा बान<br>बाबू:अक्तर करिम | २-०-०-० | उत्तर | ०-११-०-४ | ५/३२ | |
| ७१ | कोगटे | ५<br>१०८ ००९४ | ५७ | सगूफ्ता वानू<br>बाबू:दाउद साह मिया | २-०-०-० | दक्षिण | ०-६-०-१ | ५/७० | |
| ७२ | कोगटे | ३<br>१०८ ००९४ | २२० | विकनेश ठाडा मगर<br>बाबू:खड्ग ब. ठाडा मगर | १-२-०-० | दक्षिण | ०-०-०-२ | ७/३१ | |
| ७३ | कोगटे | ३<br>१०८ ००९४ | १७२ | विजमाया ठाडा मगर<br>बाबू:भिम बहादूर प्रजा | १-०-०-० | दक्षिण | ०-०-२-२ | ६/५७ | |
| ७४ | कोगटे | ३<br>१०८ ००९४ | १७१ | राम कूमार ठाडा मगर<br>बाबू:भक्त ब. ठाडा मगर | ०-१५-०-० | दक्षिण | ०-५-३-१ | २०७३ | |
| ७५ | कोगटे | ३<br>१०८ ००९४ | १८४ | धूर्व ठाडा मगर<br>बाबू:राम ब. ठाडा मगर | ०-१४-०-० | दक्षिण | ०-०-३-० | २०७० | |
| ७६ | कोगटे | ३<br>१०८ ००९४ | १८३ | पार्वती ठाडा मगर समेत जना ३ | ०-१४-०-० | बीच | ०-१२-२-१ | २०७० | |
| ७७ | कोगटे | ३<br>१०८ ००९४ | १७७ | खड्ग ब. ठाडा मगर<br>बाबू:शेर ब. ठाडा मगर | २-५-०-० | दक्षिण | ०-६-२-१ | लुज | |
| ७८ | कोगटे | ३<br>१०८ ००९४ | १७६ | भक्त ब. ठाडा मगर<br>बाबू:शेर ब. ठाडा मगर | ३-४-३-० | दक्षिण | ०-०-१-१ | २०७१/ ६६ | |
| ७९ | कोगटे | ३<br>१०८ ००९४ | १०२ | राज कूमार राना<br>बाबू:लाल बहादूर राना मगर | २-१२-२-० | बीच | १-११-२-३ | २०७२ | |
| ८० | कोगटे | ३<br>१०८ ००९४<br>१०८ ००९३ | २२२ | जानका माया राना मगर<br>बाबू:दल ब. राना मगर | ४-१५-०-० | बीच | १-१५-२-२ | ७ | |
| ८१ | कोगटे | ३<br>१०८ ००९३ | ९७ | जगत ब. चूनी मगर<br>बाबू:चन्द्र बहादूर | ८-२-१-० | दक्षिण पुर्व | १-११-३-० | ४/४२ | |
| ८२ | कोगटे | ३<br>१०८ ००९३ | १३० | भिम बहादूर आले मगर<br>बाबू:सानू कृष्ण ब. आले मगर | ३-१५-०-० | दक्षिण पुर्व | ०-१३-३-२ | ४/९१ | |
| ८३ | कोगटे | ३<br>१०८ ००९३ | ५९ | भिम कूमार आले मगर<br>बाबू:सानू कृष्ण ब. आले मगर | ११-६-१-० | बीच | १-४-३-३ | ४/९८ | |
| ८४ | कोगटे | ३<br>१०८ ००९३ | २४१ | बूद्धि ब. सिंजाली<br>बाबू:मान ब. सिंजाली | १३-०-०-० | बीच | ३-४-३-० | २०७४/ २/२१ | |
| ८५ | कोगटे | ३<br>१०८ ००९३ | ४३ | भिमसेन बस्नेत<br>बाबू:चेत ब. बस्नेत | १-९-२-० | बीच | १-३-२-३ | २०७३/ ४/५ | |
| ८६ | कोगटे | ३<br>१०८ ००९३ | २२५ | केशर बहादूर प्रजा<br>बाबू:चन्द्र ब. प्रजा | ७-८-०-० | बीच | २-१२-१-१ | २०७३/ १०/१९ | |
| ८७ | भिमफेदी | ८<br>१०८ ००९३ | १६३ | विर बहादूर तामाङ<br>बाबू:जमानसिं तामाङ | ८-०-३-१ | उत्तर | ०-१५-०-३ | ४/१०० | |
| ८८ | भिमफेदी | ८<br>१०८ ००९३ | १६१ | फुलमाया मूक्तान<br>बाबू:प्रताप सिं घलान | ३-०-०-० | दक्षिण | ०-४-१-१ | २०७१/ ३/१७ | |
| ८९ | भिमफेदी | ८<br>१०८ ००९३<br>१०८ ००९२ | १६० | सानू माया घलान<br>बाबू:मंगल ब. घलान | १०-३-०-३ | बीच | ३-२-२-१ | २०७१/ २/२ | |
| ९० | भिमफेदी | ८<br>१०८ ००९२ | ७६ | सेर ब. स्याङतान,<br>सिता घलान<br>बाबू:चतूर सिं,<br>राम ब. बजू | ८-५-०-२ | दक्षिण | ०-०-१-२ | ४/१५० | |
| ९१ | भिमफेदी | ८<br>१०८ ००९२ | १०० | नाम खाली | ०-०-०-० | उत्तर | ०-९-१-२ | | |
| ९२ | भिमफेदी | ८<br>१०८ ००९२ | ८७ | नाम खाली | ०-०-०-० | दक्षिण | ०-१०-०-३ | | |
| ९३ | भिमफेदी | ८<br>१०८ ००९२ | ८६ | नाम खाली | ०-०-०-० | दक्षिण | १-१-१-० | | |
| ९४ | भिमफेदी | ८<br>१०८ ००९२ | ८१ | सूरेन्द्र महर्जन<br>बाबू:बूलाल महर्जन | ६-१-३-१ | उत्तर पश्चिम | ०-०-१-१ | १७/६५ | |
| ९५ | भिमफेदी | ८<br>१०८ ००९१ | २१ | चिन ब. स्याङतान<br>बाबू:रुद्र ब. स्याङतान | १३-१२-१-० | दक्षिण | १-१५-२-४ | ११/३९ | |
| ९६ | भिमफेदी | ८<br>१०८ ००९१ | २२ | वेद ब. स्याङतान<br>बाबू:धन ब. स्याङतान | ८-५-२-३ | दक्षिण | ०-०-०-२ | १६/७० | |
| ९७ | भिमफेदी | ८<br>१०८ ००९१ | २४ | वेद ब. स्याङतान<br>बाबू:धन ब. स्याङतान | १-९-३-१ | उत्तर पुर्व | ०-०-०-०.१ | १६/७० | |
| ९८ | भिमफेदी | ८<br>१०८ ००९१ | १५ | विष्णु प्रसाद सूवेदी<br>बाबू:एकादत्त उपाध्याय | ६-१-३-१ | बीच | ३-२-०-३ | ४/१०१ | |
| ९९ | भिमफेदी | ८<br>१०८ ००९१ | ३४५ | विष्णू प्रसाद सूवेदी | ५-१३-३-१ | उत्तर | ०-१२-३-२ | | |
| १०० | भिमफेदी | ८<br>१०८ ००९१ | ५ | नाम खाली | ०-०-०-० | दक्षिण | ०-०-१-३ | | |
| १०१ | भिमफेदी | ७<br>१०८ ००९१ | ८६२ | सरस्वती पूडासैनी<br>बाबू:तूलसीनाथ घिमिरे | ९-२-०-० | उत्तर बीच | २-४-२-३ | १५/१३ ८ | |
| १०२ | भिमफेदी | ७<br>१०८ ००९१ | ८६३ | सिताराम पूडासैनी<br>बाबू:टेक नाथ | ९-२-०-२ | उत्तर बीच | २-५-१-३ | ४/१५७ | |
| १०३ | भिमफेदी | ७<br>१०८ ००९१ | १३५३ | सरस्वती पूडासैनी<br>बाबू:तूलसीनाथ घिमिरे | १९-२-१-० | उत्तर बीच | १-१०-०-४ | ०७३/४ ८ | |
| १०४ | भिमफेदी | ७<br>१०८ ००९१ | ८०८ | ठुलो वेधनिधि पूडासैनी<br>बाबू:धर्मदत्त | १-५-३-१ | दक्षिण | ०-४-०-० | २/१८८ | |
| १०५ | भिमफेदी | ७<br>१०८ ००९१ | १३१० | पूर्ण प्रसाद पूडासैनी | १-७-०-० | पुर्व | ०-२-२-१ | लुज ०७३ | |
| १०६ | भिमफेदी | ७<br>१०८ ००९१ | १३०९ | विजय कूमार पूडासैनी | १-७-२-० | बीच | ०-१३-०-१ | लुज ०७३ | |
| १०७ | भिमफेदी | ७<br>१०८ ००९१ | १३४३ | गोविन्द प्रसाद पूडासैनी | १-३-२-० | दक्षिण पश्चिम | ०-१०-२-३ | लुज ०७३ | |
| १०८ | भिमफेदी | ७<br>१०८ ००९१ | १३०७ | नवराज पूडासैनी | १-७-२-० | दक्षिण पश्चिम | ०-१-१-० | लुज ०७३ | |
| १०९ | भिमफेदी | ७<br>१०८ ००९१ | १२४० | धूव बहादूर थापा क्षेत्री<br>बाबू:पदम ब. थापा क्षेत्री | १०-१५-२-० | दक्षिण | ०-१२-३-१ | २०७०/ ७८ | |
| ११० | भिमफेदी | ७<br>१०८ ००९१<br>१०८ ००९० | ११५४ | शम्भू सापकोटा<br>बाबू:लिलानाथ | ५-०-०-० | बीच | ४-५-२-३ | ११/११३ | |
| १११ | भिमफेदी | ७<br>१०८ ००९१<br>१०८ ००९० | ११५५ | यदूनाथ सापकोटा<br>बाबू:लिलानाथ | ५-०-०-० | उत्तर पश्चिम | ०-१३-२-१ | ११/१० ० | |
| ११२ | भिमफेदी | ७<br>१०८ ००९० | ३६१ | खेमराज पूडासैनी<br>लक्ष्मी प्रसाद पूडासैनी | ३-१३-१-० | बीच | १-१३-०-१ | ५/१६ | |
| ११३ | भिमफेदी | ७<br>१०८ ००९० | १३०३ | नवराज पूडासैनी | १-०-०-० | बीच | ०-१०-३-४ | लुज | |
| ११४ | भिमफेदी | ७<br>१०८ ००९० | १३०२ | गोविन्द प्रसाद पूडासैनी | ४-४-०-० | बीच | ०-१४-३-३ | लुज | |
| ११५ | भिमफेदी | ७<br>१०८ ००९० | १३०१ | नवराज पूडासैनी | २-१५-०-० | बीच | ०-१४-३-३ | लुज | |
| ११६ | भिमफेदी | ७<br>१०८ ००९० | १२७० | लक्ष्मी सिंजाली | ३-०-०-० | दक्षिण पश्चिम | ०-१२-३-१ | २०७१ | |
| ११७ | भिमफेदी | ७<br>१०८ ००९० | १२६९ | लक्ष्मी सिंजाली | ६-१-३-२ | दक्षिण पश्चिम | ०-४-३-१ | २०७१ | |
| ११८ | भिमफेदी | ७<br>१०८ ००९० | १२६० | सून्तली कमिनी<br>गोरे कामी | २-१२-०-० | बीच | ०-१५-२-३ | १५/१३ ९ | |
| ११९ | भिमफेदी | ७<br>१०८ ००९० | १३१६ | सम्झना सूनार | ०-६-०-० | उत्तर बीच | ०-२-०-१ | लुज | |
| १२० | भिमफेदी | ७<br>१०८ ००९० | १२३६ | वेद बहादूर नगरकोटी | २-२-२-० | बीच | ०-११-३-३ | लुज | |
| १२१ | भिमफेदी | ७<br>१०८ ००९० | १३४७ | टिकादेवी पूडासैनी<br>बाबू:हरि प्रसाद सहेल | ५-८-०-२ | बीच | २-३-२-४ | ०७३/१ २ | |
| १२२ | भिमफेदी | ७<br>१०८ ००९० | ३४६ | इश्वरी मिजार<br>बाबू:सिताराम रम्तेल | ४-१४-३-१ | दक्षिण | ०-०-१-४ | २०७३/ ५ | |
| १२३ | भिमफेदी | ७<br>१०८ ००९० | ९४७ | इन्द्रकूमारी सूनार<br>बाबू:सेर ब. सनार | ४-४-०-० | दक्षिण | ०-९-२-४ | २०७२/ ८ | |
| १२४ | भिमफेदी | ७<br>१०८ ००९० | १२५३ | राजकूमार सूनार<br>बाबू:रामचन्द्र सूनार | १-०-०-० | पुर्व पश्चिम | ०-१२-०-२ | २०६९ | |

**बाँकी पेज नं. १० मा**

# कतारमा ४० नेपाली अलपत्र



आजाद भिसाको नाममा कतार पुर्‍याएर अलपत्र पारिएका नेपाली ।

■ होम कार्की

काठमाडौं- चाहेजस्तो काम र तलब पाइने भन्दै संगठित दलालले 'आजाद भिसा' मार्फत कतार पुर्‍याएका ४० नेपाली कामदार बिचल्लीमा परेका छन् । म्यानपावर र कतारका साना कम्पनीसँग समन्वय गरी दलालले आजाद भिसाका नाममा ४० नेपाली कामदारसँग झन्डै ७० लाखभन्दा बढी ठगी गरेका छन् । पीडित कामदारका अनुसार मिडल अर्बिट ओभरसिज, शुभम् ओभरसिज, ब्लुमुन ओभरसिज म्यानपावरले आजाद भिसाका नाममा कामदार पठाई ठगी गरेका हुन् । अलपत्र परेका कामदार कतारको बक्रा, सनैया र साँहनिया क्षेत्रमा खान पनि नपाउने अवस्थामा छन् ।

ती म्यानपावरले प्रतिकामदार १ लाख ८० हजारदेखि २ लाख ३५ हजार रुपैयाँसम्म ठगी गरेका हुन् । म्यानपावरले कतारस्थित ताज ट्रेडिङ कन्स्ट्रक्टिङ, प्रोजेक्ट सपोर्ट ट्रेड्रिङ, कोमिला कन्स्ट्रक्सन, क्युप्लस ट्रेडिङ र फोल्रा ट्रेडिङ कम्पनीको स्पोन्सरमा पठाएका थिए । कतारस्थित नेपाली दूतावासका अनुसार यी कामदारको भिसा संखुवासभाका आशिष दाहाल र चितवनका कृष्णबहादुर लामालगायतले निकालेका हुन् ।

**के हो 'आजाद भिसा' ?**

कतारी श्रम मन्त्रालयका अनुसार 'आजाद भिसा' भन्ने कुनै भिसा नै छैन । कतारमा कामदारका लागि दुई प्रकृतिको व्यक्तिगत (घरेलु कामदार) र संस्थागत (कम्पनी) को मात्रै भिसा हुन्छ । कम्पनीको स्पोन्सरसिपमा निस्कने भिसालाई नै दलालले आफूअनुकूल 'आजाद भिसा' को नाम दिने गरेका छन् । दलालले यो भिसामा जानेले स्वतन्त्र भएर इच्छाअनुसार काम गर्न र मनग्य पैसा पाइने भन्दै कामदारलाई प्रलोभन दिई पैसा असुल गर्ने गर्छन् । यस्तो नामका भिसाको कारोबार गर्नेलाई कतार सरकारले मानव तस्करीविरुद्ध अपराधमा मुद्दा चलाउने गरेको छ । पीडित कामदार न्यायका लागि कतारी निकायमा प्रमाणसहित नपुग्दा ती संगठित दलालले फाइदा उठाइरहेका छन् ।

यही भिसामा जाने भन्दै सर्लाहीका चन्द्रबहादुर भण्डारीले मिडल अर्बिट म्यानपावरका सञ्चालकलाई २ लाख ३५ हजार रुपैयाँ बुझाएका थिए । यही भिसामा पुगेका तेह्रथुमका सुमन भण्डारीले भने, '१७ सय रियालको काम सजिलो काम पाइन्छ भनेर म्यानपावरले पठाएको थियो । दुई महिना भइसक्यो कामै पाएको छैन ।'

'छोरी जन्मेको सुन्ने बित्तिकै समाजमा नाक खुम्च्याउने चलन छ,' उनले भनिन्, 'पुरस्कारले छोरीलाई हेर्ने सामाजिक दृष्टिकोणमा परिवर्तन ल्याउने विश्वास छ ।' छोरीलाई हेला गर्ने समाजमा पुरस्कृत गरेर प्रोत्साहन गर्दा महिलाले सामाजिक विभेदबाट मुक्ति पाउने आश जागेको उनले सुनाइन् । विराटनगर १८ का २४ वर्षीया पुजादेवी साह र साजन कुमार साह दम्पतीलाई पनि महानगरले सम्मान गरे । उनीहरूले पनि पुरस्कार रकम छोरीको प्रेरणाका लागि बैंकमा बचत खाता खोलेर जम्मा गर्ने सुनाए । विराटनगर ३ का निता लुइँटेल र सागर काफ्ले दम्पतीलाई पनि पहिलो सन्तान छोरी जन्माएकाले महानगर प्रमुख भीम पराजुली र उपप्रमुख इन्दिरा कार्कीले संयुक्त रूपमा बधाई दिँदै तीन हजार नगदबाट पुरस्कृत गरे ।

उनीहरूजस्ता महानगरभित्र पहिलो सन्तान छोरी जन्माउने ३१ दम्पतीलाई नगद पुरस्कारसहित सम्मान गरियो । पुरस्कृत हुने बच्चाकी आमाले २० वर्ष उमेर पूरा गरेकी, गर्भधारण गरेदेखि नियमित स्वास्थ्य परीक्षण गराएकी, नेपाली नागरिकता प्राप्त गरेकी, स्वास्थ्य संस्थामा बच्चा जन्माएकी र बच्चा जन्मेको ३५ दिनभित्र जन्मदर्ता गराएका छन् । बधाई र पुरस्कार पाउनेहरूले उक्त ५ वटा सर्त पूरा गर्नुपर्ने महानगरले व्यवस्था गरेको छ ।

महानगरका उपप्रमुख कार्कीले छोरी बचाउ अभियान सँगसँगै बच्चाकी आमाको स्वास्थ्यलाई ख्याल गर्न सर्तहरू तोकिएको बताइन् । 'पितृसत्तात्मक राज्य व्यवस्थामा बुहारीलाई नागरिकता बनाउन गरिने ढिलासुस्ती र त्यसबाट उत्पन्न हुने विभिन्न खाले महिला हिंसा रोक्न पनि यो अभियानले मद्दत पुग्छ,' उनले भनिन्, 'यस अभियानले समयमा जन्मदर्ता भएपछि बच्चाले पहिचान प्राप्त गर्न सहज हुन्छ ।'

गर्भमा रहेको बच्चाको लिङ्ग पहिचान गरी गर्भ तुहाउने क्रम बढ्दै गएकाले महानगरका जननिर्वाचित प्रतिनिधिको पहिलो सभाले पारित गरेको बजेटमार्फत पहिलो सन्तान छोरी जन्माउनेलाई नगद तीन हजार प्रदान गरी छोरी बचाउ अभियानको घोषणा गरेको थियो ।

प्रमुख पराजुलीले समाजमा विद्यमान छोराछोरीबीचको विभेद अन्त्य गरी समतामूलक समाज स्थापना गर्न यस अभियानले सहयोग पुग्ने बताए । 'छोरीप्रतिको नकारात्मक सोच परिवर्तन आवश्यक छ किनकि आफू पनि एउटी छोरी आमा भएपछि जन्म लिएको छु,' उनले भने, 'अहिलेका विद्वत समाजले समेत त्यही छोरी, आमालाई गर्भमा नै लिङ्ग पहिचान गरेर हत्या गर्ने घृणित कर्मलाई न्यूनीकरण गर्न यो अभियानको सुरुवात गरेका हौं ।' यस अभियान छोरीप्रतिको धारणामा परिवर्तन ल्याउने कोशेढुंगा सावित हुने विश्वास लिएको उनले बताए ।

'कानुनले बर्जित गरे पनि प्रत्येक स्वास्थ्य संस्थामा गर्भ पहिचानको खेल भइरहेको छ,' उनले भने, 'यसका लागि पनि अब विशेष सुराकी खटाएर यस्तो कुकृत्य कामलाई रोक्ने योजना छ ।' संसारमा छोरी नभएपछि प्रकृति नै विनास हुने अवस्थाको बारेमा सबैलाई बुझ्नु आवश्यक रहेको उनले सुनाए । यहाँका समाजमा छोरी जन्माउने आमाहरू सामाजिक र पारिवारिक हिंसाको सिकार हुन बाध्य हुनुपर्ने परम्परा समाजबाट हटाउन यो अभियान ल्याएको उनी भन्छन् ।

महानगरका सामाजिक विकास शाखा अधिकृत दशिलाल माझीले छोरी बचाउ अभियानको घोषणा भएदेखि हालसम्म ३१ जनाले सबै प्रक्रिया पूरा गरेको जानकारी प्राप्त भएपछि पहिलो पटक पुरस्कृत गरिएको बताए । 'पहिलोपटक महानगरबाट पुरस्कृत गर्न सुरु गरियो,' उनले भने, 'अब नियमित रूपमा वडा कार्यालयहरूबाट जन्ममिति बनाउन आएने बेलामा नै पुरस्कृत गर्दै जाने व्यवस्था गरिएको छ ।'




**पहिलो सन्तान छोरी जन्माउने दम्पतीलाई बुधबार नगदसहित सम्मान गर्दै महानगर प्रमुख प्रमुख भीम पराजुली ।** *तस्बिर : देवनारायण/कान्तिपुर*

# विवादित बन्दै जनप्रतिनिधि

■ कुम्भराज राई

ओखलढुंगा- जनप्रतिनिधिहरूले चुनावका बेला अनेक आश्वासन बाँडे । पूरा गर्न सकिने नसकिने सबै आश्वासन बाँडेका उनीहरूले चुनाव जित्न करोडौं खर्च पनि गरे । तर त्यत्रो खर्च गर्ने रकम कहाँबाट आयो भन्ने भने कसैले देखाएनन् ।

यही कारण निर्वाचित भएको केही महिनादेखि विवादमा आउन थालेका छन् । पहिलो गाउँसभा सम्पन्न भए लगत्तै अधिकांश जनप्रतिनिधि आफैं डोजर व्यवसायमा संलग्न भए । कान्तिपुरमा समाचार प्रकाशित भएपछि उनीहरूको व्यापक आलोचना भयो ।

अधिकांशले आफ्नो संलग्नता नभएको भन्दै प्रत्यक्ष संलग्नतालाई ढाकछोप गरे । स्थानीय तहले गर्न सक्ने धेरै प्रमुख कामहरूलाई ओझेलमा राख्दै भौतिक विकासलाई प्राथमिकता दिएका छन् । तर त्यसभित्र अनियमितता हुन थालेको आरोप लाग्न थालिसकेको छ जसले गर्दा जनप्रतिनिधिहरू निर्वाचित भएको वर्ष दिन नपुग्दै बदनाम हुन थालेका छन् । यहाँको चम्पादेवी गाउँपालिकामा व्यापक भ्रष्टाचार भएको भन्दै केही दिनअघि जिल्ला प्रशासनमा उजुरी दर्ता भइसकेको छ । स्थानीयले फागुन २७ गते भ्रष्टाचार गरेको अभियोगमा उजुरी दर्ता गरेका छन् । आरोपीमा गाउँपालिका प्रमुख नवराज केसी, प्रमुख प्रशासकीय अधिकृत भीमप्रसाद दाहाल, लेखापाल मिलन लुइँटेल, इन्जिनियर नवीन श्रेष्ठ र पूर्वाधार विकास समिति संयोजक अजय लुइँटेल छन् ।

सोही उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत दर्ता गराइसकेका छन् । उजुरीमा आव ०७३/७४ को गाउँपालिका सञ्चालन अनुदानको खर्च सार्वजनिक नगरेको, विभिन्न ४ वटा सडक आयोजनामा दोहोरो मूल्यांकन गरी भ्रष्टाचार गरेको, गाउँपालिकामा आवश्यक सामग्री तथा उपकरण सार्वजनिक खरिद ऐनविपरीत खरिद गरेको उल्लेख छ ।

> **स्थानीय तहले गर्न सक्ने धेरै प्रमुख कामहरूलाई ओझेलमा राख्दै भौतिक विकासलाई प्राथमिकता**

त्यसैगरी सडक खन्ने काममा प्रयोग भएका स्काभेटरको दररेट निर्धारण नगरी लगत स्टिमेटभन्दा तलमाथि पारी भुक्तानी दिइएको आरोप छ । सडक निर्माण क्रममा विद्यालय भवन भत्काइएको र स्थानीय खोलामा गिट्टीबालुवा ठेक्का लगाउँदा किर्ते गरी स्वीकृत गरेको आरोप छ ।

गाउँपालिकाकै केही वडाअध्यक्षहरूले स्पष्ट रूपमा भ्रष्टाचार बढेको स्विकारेका छन् । त्यसको उचित छानबिन हुनुपर्ने उनीहरूको माग छ । वडा ७ का अध्यक्ष सुरेशकुमार थापाले भने, 'स्पष्ट छानबिन हुनु जरुरी छ । अहिलेदेखि नै हामीले सचेत नगराउने हो भने थप भ्रष्टाचार मौलाउँदैन भन्न सकिन्न ।'

गिट्टीबालुवा उत्खनन तथा व्यापार अवैध तरिकाले भइरहेको भन्दै वडा ६ का अध्यक्ष तिलक कार्कीले ०७४ माघ २९ गते प्रहरीचौकी फूलबारीलाई रोक्न पत्राचार गरेका थिए । तत्कालीन फूलबारी गाविसका अध्यक्ष खड्गबहादुर कार्कीसहितका स्थानीयले ७ बुँदामा गाउँपालिका प्रमुखसहितका व्यक्तिले भ्रष्टाचार गरेको अभियोगमा उक्त ठेक्कामा समेत किर्ते गरेर भ्रष्टाचार गरेको अभियोग छ । गाउँपालिका प्रमुख नवराज केसी यसअघि पनि सेवाग्राही र कर्मचारी कुटेको विषयमा विवादमा तानिएका थिए ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भीमप्रसाद दाहालले भने प्रक्रिया र नियम मिचेर काम नभएको दाबी गरेका छन् । कसैलाई व्यक्तिगत रूपमा चित्त नबुझेका कारण गलत आरोपसहित उजुरी दर्ता भएको हुन सक्ने दाहालले बताए । तर आफूलाई जनताले भोट दिएर जिताएको भन्दै जनप्रतिनिधिहरूमा मनोमानी निर्णय गर्ने प्रवृत्ति हावी हुँदै गएको छ । चुनावमा जनताको सेवा एक पैसा नलिई गर्छु भन्ने वडाअध्यक्षदेखि प्रमुखहरूसम्म अहिले गाडी, मोटरसाइकलजस्ता सुविधा लिनमा तँछाडमछाड गरिरहेका छन् ।

# कान्तिपुरकर्मी पुरस्कृत

दमक (कास)- पवित्रा-भेषराज खतिवडा स्मृति प्रतिष्ठान धुलाबारीले दिवंगत पत्रकार तथा लेखक भरत भूर्तेलको स्मृतिमा स्थापित 'भरत भूर्तेल स्मृति पत्रकारिता पुरस्कार' कान्तिपुरकर्मी पर्वत पोर्तेललाई प्रदान गरिएको छ । बिहीबार धुलाबारीमा आयोजित कार्यक्रममा २५ हजार राशिसहितको पुरस्कार कांग्रेस केन्द्रीय सदस्य तथा सांसद गगन थापाले हस्तान्तरण गरे । खतिवडा परिवारका ज्वाइँसमेत रहेका भूर्तेलको स्मृतिमा प्रतिष्ठानले यस वर्षदेखि पत्रकारिता पुरस्कार वितरण सुरु गरेको हो । अग्रज पत्रकार चन्द्र भण्डारीको संयोजकत्वको समितिले पुरस्कृत प्रतिभाहरू चयन गरेको थियो ।

प्रतिष्ठानले प्रत्येक वर्ष प्रदान गर्दै आएको उत्कृष्ट विद्यालयको सम्मान धुलाबारी माविले प्राप्त गरेको छ । ५१ हजार रुपैयाँ राशिको यो पुरस्कार क्षेत्र नम्बर १ भित्रका उत्कृष्ठ सामुदायिक विद्यालयलाई प्रदान गरिन्छ । उत्कृष्ट शिक्षकका रूपमा आदर्श मावि इँटाभट्टाकी शिक्षिका झनकुमारी गिरीलाई सम्मान गरियो । उनले नगद १० हजार पुरस्कार पाइन् । त्यसैगरी उत्कृष्ट विषयगत शिक्षकमा सामाजिक विषयका शिक्षक दुर्गानाथ ढकाल छानिए । उत्कृष्ठ छात्रामा गढिगाउँ माविकी अस्मिता पौडेल, उत्कृष्ट छात्र सहिद दशरथ मावि चारआलीका आयुष आचार्य, लोपोन्मुख जातिका विद्यार्थीहरूमध्येबाट शान्ति आदर्श माविका सन्तोष लेप्चा र सन्ध्या लेप्चालाई नगद ५/५ हजार प्रदान गरियो ।

KANTIPUR PUBLICATIONS PVT. LTD. KMG

## आवश्यकता

के तपाई नेपालकै निजी क्षेत्रको पहिलो तथा अग्रणी मिडिया कम्पनीसँग आवद्ध हुन चाहनु हुन्छ ? यदि चाहनु हुन्छ भने, यस पब्लिकेसन्सको व्यवसाय प्रवर्द्धनको लागि निम्न स्थानमा आफ्नो उम्मेदवारी दिनहोस् ।

| | | |
|---|---|---|
| काठमाडौं पुरुष/महिला | - | १२५ |
| विराटनगर पुरुष/महिला | - | ५० |
| भरतपुर पुरुष/महिला | - | ५० |
| पोखरा पुरुष/महिला | - | ५० |
| नेपालगञ्ज पुरुष/महिला | - | २५ |

कम्तिमा प्लस टु उत्तिर्ण भई बजार प्रवर्द्धनमा रुचि तथा अनुभव भएका योग्य तथा इच्छुक नेपाली नागरिकले निम्न उल्लेखित ठेगानामा आफ्नो बायोडाटा नागरिकताको प्रतिलिपि र दुई थान पासपोर्ट साइजको फोटो सहित २०७४ चैत्र १५ गते सम्ममा आवेदन दिनुहोला ।

पूर्वाञ्चल क्षेत्रीय कार्यालय:
वरगाछी, बिराटनगर
फ्याक्स: ०२१-४६०१४१
E-mail: kpbiratnagar@kmg.com.np

मध्यपश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय:
कारकादो ४, भुजाईगाउँ, नेपालगञ्ज
E-mail: kpnepalgunj@kmg.com.np

कान्तिपुर पब्लिकेशन्स प्रा.लि.
मिलनचोक, भरतपुर
फ्याक्स: ०५६-५२८९००
E-mail: kpchitwan@kmg.com.np

पश्चिमाञ्चल क्षेत्रीय कार्यालय:
जाल्पारोड, पोखरा
फ्याक्स: ०६१-५२५६५६
E-mail: kpokhara@kmg.com.np

KANTIPUR PUBLICATIONS PVT. LTD.

मुख्य कार्यालय:
कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.
सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं
E-mail: sales@kmg.com.np



# ठेक्का लागे पनि पुल बनेन

**कान्तिपुर संवाददाता**

ओखलढुंगा- मोलुङ र सुनकोसी गाउँपालिका जोड्ने मोलुङ खोलाको पक्की पुल ठेक्का लागेको पाँच वर्षमा पनि निर्माण हुन सकेको छैन । दुई वर्षमा सम्पन्न गर्ने सम्झौता भएको ठेक्का पाँच वर्षमा पनि निर्माण नभएको हो ।

ठेक्का लागेको चार वर्षपछि पोहोर तत्कालीन प्रमूख जिल्ला अधिकारी फडिन्द्र दाहालले शिलान्यास गरेका थिए । शिलान्याससँगै ठेकेदारले कामलाई तीव्रता दिइहाल्ने बताएका थिए । तर कामले कुनै गति नलिएपछि पुलको एकातर्फको पिलर समेत निर्माण हुन सकेको छैन ।

जिल्लाको पूर्व र पश्चिम भेगलाई जोड्ने महत्त्वपूर्ण मोलुङ पुल विविध प्राविधिक कारण देखाउँदै ढिला भएको थियो । पुल निर्माणको जिम्मा लिएको राजेन्द्र लोकप्रिय जेभीका सब-कन्ट्र्याक्टर रविन्द्र लामाले एकवर्षभित्र पुल निर्माण सम्पन्न गर्ने प्रतिबद्धता जनाएका थिए । तर अहिले सब-कन्ट्र्याक्टर लामा आफैं भागेपछि काम अलपत्र परेको ठेकेदार कम्पनीका प्रमुख भीमबहादुर साउदले स्वीकारे । 'सबै काम गर्छु भनेर विश्वासमा मैले उसलाई काम दिएँ । स्काभेटर नै उपलब्ध पनि गराएँ । तर उसले काम गरेन ।' साउदले भने, 'अब मेरो कम्पनीको नामको ठेक्का भएकाले आफैं आएर काम गर्छु। मैले चार जना कामदार आजकै मितिमा काठमाडौंबाट हिँडाइसकेँ ।'

२०७० असार ३० गते दुई वर्षभित्र पुल निर्माण सम्पन्न गर्ने सम्झौता भए पनि काम हुन सकेको थिएन ।



**मोलुङखोला पुल निर्माण स्थल । ठेक्काअनुसार हालसम्म २० प्रतिशत पनि काम भएको छैन ।** *फाइल तस्बिर : कान्तिपुर*

'पाइल फाउन्डेशन' प्रविधिबाट निर्माण गरिने भनिएको पुल निर्माणको पहिलो चरणमै चट्टान भेटिएपछि डिजाइन परिवर्तन गर्नै १८ महिना लागेको थियो ।

पछिल्लोपटक थप गरिएको म्यादअनुसार २०७४ असार मसान्तभित्र पुल सम्पन्न गर्नुपर्ने थियो । तर उक्त मितिमा सम्पन्न भएन । जिल्ला प्राविधिक कार्यालय प्रमुख विजयमुनि बज्राचार्यले हालसम्म ठेकेदारले करिब ५० लाख बराबरको मात्र काम गरेको बताए । पटकपटक ताकेता गर्दा पनि सब-कन्ट्र्याक्टरको बदमासीले गर्दा काम नभएको उनले बताए । सुरुमा ३ करोड ३२ लाख ५५ हजार १ सय ६९ लागतमा सम्झौता भएको पुलको रकम पछिल्लो डिजाइन पश्चात ५ करोड ६९ लाख २४ हजार ५ सय ९८ पुऱ्याइएको छ । स्वीस सरकारको सहयोगमा निर्माण गरिने पुलको ठेक्का जिल्ला विकास समितिले लगाएको हो । यसको प्राविधिक सहयोग स्थानीय सडक पुल परियोजना (एलआरबीपी) ले गरेको छ । मोलुङ खोला पुल ८० मिटर लम्बाइ र ५ मीटर चौडाइको निर्माण हुनेछ । यो पुल ठेक्का लागेपछि एलआरबीपीले आफ्नै मातहतमा जिल्लाभित्रका विभिन्न स्थानमा आठवटा पक्की पुल निर्माण गरिसकेको छ । तर सबैभन्दा महत्त्वपूर्ण मानिएको जिविसअन्तर्गतकै पुल निर्माण हुन नसक्दा स्वीस सरकारले अन्य पुल निर्माण सहयोग रोकेको सरोकारवालाले बताए ।

ठेकेदार कम्पनीले काम गर्न नसकेपछि सरोकारवालाको दबाबमा पेस्की बापत दिइएको ३३ लाख २५ हजार रकम जिल्ला विकास समितिले फिर्ता लिएको थियो । सम्झौता लगत्तै दिइएको पेश्की रकम निर्माण कम्पनीको बैंक ग्यारेन्टी रकमबाट जफत गरी फिर्ता लिइएको हो ।

ठेकेदार कम्पनीका तर्फबाट भने सीताराम भट्टराई र हर्कबहादुर श्रेष्ठ प्रतिनिधि रहेर ठेक्काको जिम्मा लिएका थिए । उनीहरूले काम नगरेपछि हाल सब-कन्ट्र्याक्टरका रूपमा रहेका रविन्द्र लामाले जिम्मा लिएका थिए । यहाँ पुल निर्माण हुन सकेमा जिल्लाबाट रामेछाप र खोटाङ जोड्ने सबैभन्दा छोटो मार्ग सुचारु नियमित हुनेछ ।

जिल्लाबाट राजधानी जान मध्यपहाडी राजमार्गको वैकल्पिक राजमार्गका रूपमा समेत यो सडक सहज बनाउन मोलुङ खोलाको पक्की पुल आवश्यक रहेको छ ।

# उपभोक्ता समितिमार्फत विकासे योजना

संखुवासभा (कास)- सिलिचोङ गाउँपालिकाले ठेक्का प्रक्रियालाई खारेज गर्दै उपभोक्ता समितिमार्फत विकास निर्माण तथा भौतिक योजनाका काम सञ्चालन गर्ने भएको छ । गाउँपालिकाले निर्माण कार्यविधि बनाएर उपभोक्ता समितिमार्फत विकासे काम गर्ने अध्यक्ष रामबहादुर कुलुङले बताए ।

ठूलो बजेटको आयोजना निर्माण कम्पनीमार्फत नै गर्नुपर्ने प्रावधान रहे पनि आयोजनालाई खण्डखण्डमा बाँडेर निर्माणको काम गर्ने कार्यविधिमा व्यवस्था गरिएको छ । त्यही अनुसार दुई करोड लागतको बुम्लिङटारदेखि गाउँपालिका कार्यालयसम्म जोड्ने सडकको स्तर उन्नतिको आयोजना पनि निर्माण समितिमार्फत सुरु गरेका छन् । निर्माण समितिमार्फत एक करोडभन्दा बढी लागतको निर्माण काम गर्न पाइँदैन, उनले भने, 'तीन भागमा विभाजन गरेर काम सुरु गरेका छौं ।'

यो आयोजना यसअघि ठेक्का प्रणालीबाट गर्ने भनेर बोलपत्र आहवान गरिएको थियो । आहवान गरिएको बोलपत्रमा २७ निर्माण व्यवसायीहरूले फारम खरिद गरिसकेका थिए । तर गाउँ कार्यपालिकाको बैठकले निर्माण कार्यविधि नबनिसकेको भन्दै ठेक्का प्रक्रिया रोकेको थियो ।

ठूला आयोजनाहरू पनि निर्माण समितिमार्फत काम गर्ने गरी कार्यविधि पास गराएर काम थालनी गरेका छन् । निर्माण व्यवसायीहरूले खरिद गरेको बोलपत्र बापतको रकम फिर्ता गरिने समेत अध्यक्ष कुलुङले जानकारी दिए । समिति गठन गरेर काम गरे उनीहरूलाई अपनत्व हुने र स्थानीय जनशक्तिको पनि पर्याप्त प्रयोग हुने भएकाले यस्तो व्यवस्था गरिएको उनले बताए । ठेक्का प्रणालीबाट काम गर्दा प्रक्रिया झन्झटिलो हुने र निर्धारित समयमा काम सम्पन्न नहुने उनले बताए ।

जिल्लामा अहिलेसम्म कुनै पनि आयोजना भनेको समयमा सम्पन्न भएको रेकर्ड देखेका छैनौं, उनले भने, 'समिति बनाएर काम गरे ठेक्का प्रणालीभन्दा अघि नै सम्पन्न हुने देखियो ।' ठूलो बजेटको आयोजना पनि खण्डखण्डमा विभाजन गरेर एकैसाथ काम गरे छोटो समयमा धेरै काम हुने उनको दाबी छ ।

समितिबाट काम गरे पनि निर्माण सामग्री भने निर्माण व्यवसायीहरूकै प्रयोग गर्नुपर्ने बाध्यता रहेको उनले बताए । सिलिचोङ गाउँपालिका जिल्लाकै अत्यन्त दुर्गम र विकटमा पर्छ । तीव्र गतिमा विकास गर्नुपर्ने बाध्यता रहेकाले यस्तो रचनात्मक उपाय अपनाउनु परेको कुलुङले बताए ।

# अस्तव्यस्त तीर्थस्थल

■ **डिल्लीराम खतिवडा**

बराह क्षेत्र (सुनसरी)- प्रसिद्ध 'बराह क्षेत्र' मन्दिर र आसपास मठमन्दिर र धर्मशालाको स्याहार नहुँदा अस्तव्यस्त बनेको छ । सप्तकोसी नदीको तटीय क्षेत्रमा अव्यवस्थित यो क्षेत्र लाखौंको आस्थाको केन्द्र भए पनि स्याहार नहुँदा अव्यवस्थित बन्दै गएको हो ।

पवित्र कोका कौसीकी नदीको संगमस्थलमा अव्यवस्थित बराहक्षेत्र वर्षेनी सप्तकोसी नदीमा आउने बाढीले कटानमा पर्दै आएको छ । पश्चिम भागमा बाढीले बढी क्षति पुऱ्याएको छ । मानव बस्ती र जथाभावी बनाइएका संरचनाले मन्दिरको मौलिकता हराउँदै गएको छ ।

दक्षिण पश्चिम क्षेत्रबाट सप्तकोसी,



**कोका कौसीका नदीको संगममास्थल सप्तकोसी नदी तटीय क्षेत्रमा अवस्थित बराह क्षेत्र मन्दिर ।** *तस्बिर : डिल्लीराम*

पूर्वमानव बस्तीसँगै बजार रहेको बराहक्षेत्र मन्दिरको पूर्वोत्तरमा धर्मशाला, विभिन्न संस्था र व्यक्तिले आफूखुसी प्राविधिक अध्ययनबिनै बनाइदिएका मठमन्दिर, धर्मशालाले मन्दिरको अतिक्रमण भइरहेको छ । प्राविधिकको सल्लाहबिनै बनाइएका संरचनाले मन्दिर क्षेत्र कुरुप बन्दै गएको छ । संरक्षणका लागि पटकपटक सरकारी निकायको ध्यानाकर्षण गराए पनि वास्ता नगरिएको स्थानीयको गुनासो छ । उदयपुर, भोजपुर, सुनसरी र धनकुटाको धार्मिक पर्यटकलाई टेवा पुऱ्याउने पूर्वकै प्रसिद्ध धार्मिकस्थलको संवर्द्धनमा सरकारी निकायले खासै सहयोग नगरेको उदयपुरको बेलका नगरपालिका ८ मैनामैनीका नरमान राईले बताए ।

'संरक्षणका लागि खासै सरकारी सहयोग भएको देखिँदैन,' उनले भने, 'मन्दिर क्षेत्रको संरक्षण र बृहत्तर बराह क्षेत्रको विकासका लागि खासै पहल भएको छैन ।' चासो भने धेरैले देखाएका छन् । राष्ट्रपति विद्या भण्डारीदेखि यसक्षेत्रमा दर्शन गर्न आउने उच्च सकारी कर्मचारी र मन्त्रीसम्मले संरक्षणको कुरा गर्ने गरेको उनले बताए ।

'सप्तकोसी नदी कटानले मन्दिर जोखिममा छ,' वेलका नगरपालिकाकी मुना खडकाले भनिन्, 'वर्षेनी नदीको सतह बढ्दै जाँदा पश्चिममा मैनामैनीतर्फको भाग कटान गरिरहेको छ ।' माथिबाट बगेर आउने ढुंगा, गिटी, बालुवा र लेदोले नदी पुरिँदै जाँदा तल्लो तटीय क्षेत्रमा रहेको 'बराहक्षेत्र' मा जोखिम बढेको हो । नदीको सतह बढै तल्लो भागमा रहेको जमिन पुरिँदै गएको छ । बढ्दो वन विनाससँगै चुरे र महाभारत पहाडबाट बग्ने खोला खहरेले बालुवा बगाउँदा सप्तकोसी नदीको सतह बढ्दै गएको विज्ञ बताउँछन् । सप्तकोसी नदी सबैभन्दा बढी बालुवा बगाएर ल्याउने नदीमा समेत पर्छ ।

यो क्षेत्र कोसी कटानको चपेटामा परेको मन्दिरका मुख्य पुजारी किरण भण्डारीले बताए । 'सप्तकोसीको बाढीबाट जोगाउन नसकिए मन्दिरको अस्तित्व नै हराउने अवस्था छ,' भण्डारीले भने, 'प्राचीन तीर्थस्थल भए पनि यसको विकास र संरक्षण नहुनु दु:खको कुरा हो ।'

पुजारी भण्डारीका अनुसार सरकारी स्तरबाट जलउत्पन प्रकोप नियन्त्रण कार्यालयले काम भने गरिरहेको छ । जथाभावी निर्माण भइरहेका र निर्माण भइसकेको अन्य मठमन्दिर, धर्मशाला र अन्न भण्डारलाई व्यवस्थित गर्नु पर्ने आवश्यकता रहेको पुजारी भण्डारीले बताए । झन्डै १२ वर्षयता सप्तकोसीको बाढीको जोखिममा यो क्षेत्र रहेको बराहक्षेत्र संरक्षण मञ्चका सचिव राजु घिमिरेले वताए ।

'कोसीको बाढीले मन्दिर नजिकै रहेको सप्तकोसी प्राथमिक विद्यालय बगाइसकेको छ,' सचिव घिमिरेले भने, 'अब बराह क्षेत्र मन्दिर र आसपास बस्तीमा जोखिम बढेको छ ।' मन्दिर संरक्षण र नदी कटान रोक्न मन्दिर आउने विशिष्ट व्यक्तित्वदेखि राजनैतिक दलका बरिष्ठ नेतादेखि मन्त्रीसम्मलाई पटकपटक आग्रह गर्दा समेत वास्ता नगरेको उनले बताए ।

कोसी कटान रोक्न जलउत्पन प्रकोप तथा नदी नियन्त्रण कार्यलयले काम गरिहरेको छ । तर नदीको बहाव र जोखिम रोक्ने काम हुन नसक्दा स्थानीय चिन्तित देखिन्छ । समयमै जोखिम रोक्नेतर्फ नसोचिए प्राचीन इतिहाससँगै बराह क्षेत्रकै अस्तित्व समाप्त हुनेमा स्थानीय चिन्तित छन् ।

# 'समानताको प्रत्याभूति गर'

आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रूपमा समानता नभएको भन्दै अगुवा महिलाहरूले समानताको अधिकारको संविधानमा प्रत्याभूति गर्न माग गरेका छन् । महिलावादी मञ्चले प्रदेश १ को राजधानी विराटनगरमा आयोजना गरेको भेलाका सहभागीले यस्तो माग गरेका हुन् । के भन्छन् त उनीहरू ?



**डा. रेणु अधिकारी**
*अध्यक्ष, महिला मानव अधिकार संरक्षक सञ्जाल*

महिला सशक्तीकरणका लागि स्थानीय तहले महिला र पुरुष दुबैमा चेतना अभिवृद्धिको काम गर्नुपर्छ । सामुदायिक तहमा मानिसको सोच परिवर्तनका लागि अभियान चलाउनुपर्छ । समग्रमा अब महिलालाई समानताको अधिकारको ग्यारेन्टी संविधानमा हुनुपर्छ । यसमा स्थानीय तहबाट काम हुनु आवश्यक छ । नीतिहरू कार्यान्वयन गर्नुका साथै छाता कानुन ल्याउनुपर्छ । समाजमा महिलाप्रतिको परम्परागत दृष्टिकोणमा परिवर्तन आवश्यक छ । महिलालाई गरिने सबैखाले विभेद अपराध हो भन्ने सूचना समाजमा फैलाउनु आवश्यक छ ।



**कल्पना राई**
*उपप्रमुख, दुधकुण्ड नगरपालिका, सोलुखुम्बु*

अहिले महिलालाई राज्यको हरेक अंगमा ३३ प्रतिशत प्रतिनिधित्वको ग्यारेन्टी भएको छ तर अब यसलाई ५० प्रतिशतमा पुऱ्याउने गरी काम हुनुपर्छ । सकारात्मक सोचका साथ सामाजिक न्यायका आधारमा महिलालाई समानताको अधिकार स्थापित हुने अभियान सञ्चालन गर्नुपर्छ । त्यसका लागि ३३ प्रतिशतको अधिकार कार्यान्वयन गरेर महिलाहरूको आय स्तर अभिवृद्धि गर्दै आर्थिक रूपमा आत्म निर्भर बनाउनुपर्छ । त्यसका लागि महिलाहरूलाई स्वरोजगारको अवसर प्रदान गर्नुपर्छ ।



**प्रेमलता गौतम**
*उपप्रमुख, जिल्ला समन्वय समिति तेह्रथुम*

महिलाहरूलाई प्रत्येक घरबाटै समानताको अधिकारको ग्यारेन्टी गर्ने वातावरण निर्माण गरिनुपर्छ । त्यसका लागि सामाजमा रहेको परम्परागत पितृसत्तात्मक सोचमा परिवर्तन ल्याउनु जरुरी छ । साथै महिलाहरूलाई अरूलाई दोष लगाउनुभन्दा पनि आफैं अघि बढेर स्वरोजगार सिर्जना गर्दै पुरुषप्रतिको निर्भरता हटाउन आर्थिक रूपमा समृद्ध बन्नुपर्छ । यसका लागि स्थानीय, प्रदेश र संघीय सरकारले नीतिगत, कानुनी र बजेटको व्यवस्था गर्नुपर्छ । अनि मात्र सशक्तीकरणका लागि केही काम हुन सक्छ ।



**शोभा बजगाई**
*कार्यक्रम अधिकृत, ओरेक नेपाल, मोरङ*

महिला सशक्तीकरणका लागि उनीहरूको आवश्यकतामा आधारित कार्यक्रम ल्याउनुपर्छ । महिलाहरूले गर्ने हरेक किसिमको कामको सामान्य मूल्य निर्धारण हुनुपर्छ । महिला समानताका लागि स्थानीय तहबाटै नीतिगत तथा कानुनी व्यवस्था हुनुपर्छ । महिलाहरू अधिकारका लागि आफैं पनि अगाडि आउनुपर्छ । महिलालाई आर्थिक सशक्तीकरणको क्षेत्रमा काम हुनु आवश्यक छ । आर्थिक रूपमा महिला सशक्त नहुञ्जेल सामाजिक, सांस्कृतिक परिवर्तन असम्भव छ । ठोस कार्यक्रम र योजनाहरू बनाइनुपर्छ ।



**नसिमा बानो**
*उपाध्यक्ष, धनपालथान गाउँपालिका, मोरङ*

पुरुषलाई आरोप लगाएर अब नहुने स्थिति सिर्जना भएको छ । संविधानले नै महिलाको ३३ प्रतिशत अधिकार ग्यारेन्टी गरिसकेकोले त्यसको कार्यान्वयन गर्दै अब स्वयं अगाडि बढेर आर्थिक रूपमा आत्मनिर्भर बन्नुको विकल्प छैन । हिमाल, पहाड र तराई मधेसका महिलाहरूमध्ये पनि मुस्लिम महिलाको अवस्था अहिले पनि हृदयविदारक छ । उनीहरूलाई अहिलेसम्म पनि घर बाहिर निस्किने अवस्था छैन । संविधान र कानुनमा जेसुकै व्यवस्था भए पनि मुस्लिम समाजमा अहिले पनि तलाकको डरलाग्दो स्थितिलाई परिवर्तन गर्ने अभियान चलाउनुपर्छ ।



**रिमझिम कुमारी भगत**
*उपाध्यक्ष, हरिनगरा गाउँपालिका, सुनसरी*

आर्थिक रूपमा पुरुषमाथि निर्भर रहुञ्जेल महिलालाई जतिसुकै अधिकार दिए पनि केही नहुने स्थिति छ । त्यसैले महिलालाई आर्थिक रूपमा सशक्त बनाउने कार्यक्रम स्थानीय तहबाटै ल्याउनु आवश्यक छ । महिलाहरू आफैं पनि हरेक क्षेत्रमा अब अघि बढनुको विकल्प छैन । उपप्रमुखमा चित बुझाउने महिलाहरूले ५ वर्षपछि प्रमुख पद प्राप्त गर्ने हैसियत बनाउनुपर्छ । यसका लागि राजनीतिक दलहरूले पनि उदार दृष्टिकोण राख्नुपर्छ ।



**कुमारी मगर**
*महिला मानव अधिकार रक्षक, उदयपुर*

स्थानीय तहदेखि नै महिला सशक्तीकरणको प्रभावकारी काम हुनुपर्छ । त्यसमा जननिर्वाचित महिलाहरूले प्रभावकारी भूमिका निर्वाह गर्न सक्नुपर्छ । त्यसका लागि स्थानीय तहका प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्ष सबैलाई महिला समानता केन्द्रित भूमिका निर्वाह गर्नुपर्छ । महिलालाई गाउँमा नै सबै क्षेत्रमा सशक्त बनाउने काममा लगाउनु पर्छ । कुनै पनि खाले विभेद गर्नुहुँदैन । ठोस सोच र योजनाबिना सशक्तीकरण नहुने भएकाले यसका लागि स्थानीय तह र सरकारलगायत सबै निकायले गम्भीरतापूर्वक काम गर्नुपर्छ ।



**पबिमाया पुष्पा राई**
*उपप्रमुख, देउमाई नगरपालिका, इलाम*

एउटा क्षेत्रमा मात्रै महिलालाई सशक्त बनाएर हुँदैन त्यसैले सामाजिक, सांस्कृतिक र आर्थिक सशक्तीकरणका लागि अभियान चलाउनु आवश्यक छ । ग्रामीण क्षेत्रका महिलाहरूमा जनचेतना अभिवृद्धि आवश्यक छ । ग्रामीण महिलाहरूलाई अगाडि नल्याएसम्म मुलुक समृद्ध हुन सक्दैन । महिलाहरू आर्थिक रूपमा आत्मनिर्भर र महिलाप्रतिको परम्परागत सामाजिक परिवर्तन गर्ने कार्यक्रम आवश्यक छ । सशक्तीकरण भनिरहनु भन्दा व्यावहारिक रूपमा अनुभूत हुने गरी प्रभावकारी योजना ल्याएर काम गर्नु उत्तम हुनेछ ।




**पदमकुमारी गुरुङ**
*महिला मानव अधिकार रक्षक, ओखलढुंगा*

छोरीले जति गरे पनि आखिर अर्काको घर जानै पर्ने सामाजिक संरचनाले महिलाको मनोबल टुट्ने गरेको छ । त्यसैले सबभन्दा पहिले सामाजिक संरचनामा नै समानताको अधिकार स्थापित हुने नीतिगत व्यबस्था गरिनुपर्छ । पैतृक सम्पत्तिमा छोरासरह छोरीलाई पनि अधिकार दिए मात्रै साँचो परिवर्तन हुन्छ । अधिकार दिएका छौं भनेजस्तो गरेर भुल्याउनेभन्दा पनि यसका लागि स्थानीय तहबाट नै नीतिगत व्यवस्था गरेर अगाडी बढ्नु पर्छ ।

**प्रस्तुति : देवनारायण साह**










## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | यात्रामा सफल | तुला | विद्यामा सफलता |
| वृष | कार्यसिद्धि | वृश्चिक | आलस्यता |
| मिथुन | पुण्य आर्जन | धनु | पराक्रम बढ्ने |
| कर्कट | अस्वस्थता | मकर | धन आर्जन |
| सिंह | मित्र भेट | कुम्भ | भाग्यवृद्धि |
| कन्या | रोग भय | मीन | केही लाभ |

## भोलिको पात्रो

विक्रमसंवत् २०७४ साल चैत्र ३ गते शनिबार तदनुरुप १७ मार्च २०१८ चैत्र कृष्णपक्ष अमावस्या तिथि साँझको ६:३३ बजेसम्म उप्रान्त चैत्र शुक्लपक्ष प्रतिपदा तिथि पूर्वभाद्रपदा नक्षत्र रात्रिको ७:४५ बजेसम्म उप्रान्त उत्तरभाद्रपदा नक्षत्र शुभ योग रात्रिको ८:४७ बजेसम्म उप्रान्त शुक्ल योग चतुष्पद करण प्रात: ६:२० बजेसम्म उप्रान्त नाग करण कुम्भ राशिमा चन्द्रमा दिनको १:३१ बजेसम्म उप्रान्त मीन राशिमा । ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | शुभारम्भ/भक्तिसुर |
| ५:३० | राधे राधे |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | वास्तु मन्थन |
| ६:४० | गुडमर्निङ नेपाल |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | क्विज मेनिया |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | दस बजे |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | एम एन्ड एस (इन्स्पायर) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | के आज घरमै |
| १:३० | गोलमाल |
| २:०० | ट्वान्टी फर्स्ट लभ |
| २:३० | कान्तिपुर समाचार |
| ३:०० | क्विज मेनिया |
| ४:०० | कान्तिपुर न्युज |
| ४:३० | दस बजे |
| ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | कान्तिपुर समाचार |
| ६:३० | एम एन्ड एस (कभर फ्याक्ट्री) |
| ७:०० | ट्वाक्क टुक्क |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | समकोण |
| १०:०० | स्वास्थ्यको लागि रेडियो बहस |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | एम एन्ड एस (कभर फ्याक्ट्री) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपिटेड |
| १:०० | कान्तिपुर न्युज रिपिटेड |
| १:३० | एम एन्ड एस (कभर फ्याक्ट्री) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | ट्वाक्क टुक्क |
| ३:३० | कान्तिपुर समाचार (रिपिट २) |
| ४:०० | के आज घरमै |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (सबिना नेपाल) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | मानसिक स्वास्थमा कोसिस |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (एलिसा) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | द गुडमर्निङ शो (एलिसा) |
| १०:०० | स्पोर्ट एन्ड डायरी |
| १०:०५ | न्यु रिलिज (रेमन) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | फेमिना (सबिना) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | टप अफ दि टप्स (संजय) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (स्मिता राना) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | सौराई (कृष्ण मल्ल) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | सिने क्विज (शुभराज अधिकारी) |
| १७:०५ | फेनाटिक फ्राइडे (महेश/स्मिता) |
| १८:०० | सुरक्षित वैदेशिक रोजगार |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | वेल नो टेन्सन (दीपकराज/अम्बिका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | प्लेटोनिक्स (सञ्जय गुप्ता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्ट्रेन्डी |
| २२:०० | क्लब मिक्स (गिरिश) |
| २३:०० | इलिमेन्थ आवर (संजय) |
| २४:०० | टप अफ दि टप्स (संजय) |
| ०१:०० | कालजयी गीत-संगीत (भूपेन्द्र) |
| ०२:०० | नेपाली गीतहरू लगातार |
| ०३:०० | हिन्दी गीतहरू लगातार |
| ०४:०० | भजनहरू लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **दमकल** | |
| विराटनगर | ०२१-४२००० |
| इटहरी | ०२५-५८०१०१ |
| धरान | ०२५-५२०१९९ |
| इनरुवा | ०२५-५६०१०१ |
| दमक | ०२३-५८०१०१ |
| भद्रपुर | ०२३-५१०१०१ |
| धनकुटा | ९८५२०६१२०१ |
| कोसी अञ्चल अस्पताल विराटनगर | ५३०१०३/५२४२३४ |
| मेची अञ्चल अस्पताल, भद्रपुर | ०२३-५२००२४ |
| वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | ०२५-५२५५५५ |
| रक्तसञ्चार केन्द्र, विराटनगर | ०२१-५२३३२६ |
| विराटनगर आँखा अस्पताल | ०२१-४३६३६० |
| रक्तसञ्चार केन्द्र, धरान | ०२५-५२०९६८ |
| **एम्बुलेन्स** | |
| विराटनगर सेन्ट्रल | ०२१-५३७००१ |
| लाइफगार्ड अस्पताल, विराटनगर | ९७४२०४२३३३ |
| दुहबी जेसिज, सुनसरी | ०२५-५४०४३५ |
| शव बाहन, विराटनगर | ०२१-५२५८७४ |
| **प्रहरी** | |
| जिल्ला प्रहरी कार्यालय, मोरङ | १००/९८५२०२६७५० |
| इलाका प्रहरी कार्यालय, उर्लाबारी | ५४०९९०/९८५२०९०१३६ |
| इलाका प्रहरी कार्यालय, रंगेली | ५८०१३०/९८५२०९०१४४ |
| क्षेत्रीय ट्राफिक कार्यालय, इटहरी | ०२५-५८०१०५/९८५२०२०१६१/१०३ |

**काठमाडौंका महत्त्वपूर्ण नम्बर**

| | |
|---|---|
| वीर अस्पताल | ४२२११९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४, ४२१७७६६, ४२१७७५५ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

**कान्तिपुर सम्पर्क** जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

kantipurdaily.com

# खेलकुद



## गुरिल्लामा च्याम्पियन


रूकुमको सानीभेरी गाउँपालिकाले आयोजना गरेको पहिलो सानीभेरी-मौराखारा गुरिल्ला म्याराथनको उपाधि अर्जुन बस्नेत जितेका छन् । उनले २२ दशमलव ६ किलोमिटर दूरी ३ घण्टा १५ मिनेटमा पूरा गरे ।

## छोटकरी

**न्यु डायमन्ड र एपीएफ भिड्ने**
काठमाडौं (कास)- सशस्त्र प्रहरी महानिरीक्षक पाँचौं राष्ट्रिय खुला महिला भलिबलको उपाधि लागि आयोजक नेपाल एपीएफ क्लब र शिवम् न्यु डायमन्ड एकेडेमी भिड्ने भएका छन् । फाइनल शुक्रबार हुनेछ । एपीएफले हल्चोकस्थित घरेलु कोर्टमा त्रिभुवन आर्मीलाई २५-९, २५-९, २५-१० ले हराएको थियो । न्यु डायमन्डले नेपाल पुलिस क्लबमाथि २५-१०, २५-२२, २५-१३ विजय प्राप्त गऱ्यो ।

**जनप्रेमी सफल**
काठमाडौं (कास)- चौथो उपत्यकाव्यापी अन्तरस्कुल एजे कप भलिबलमा छात्रातर्फको उपाधि जनप्रेमी मावि कौशलटारले जितेको छ । आदर्शज्योतिविरुद्ध फाइनलमा जनप्रेमीले ३-० को सोझो सेटमा जित पायो । छात्रतर्फ ग्लेसियरले आदर्शज्योति माविलाई फाइनलमा ३-१ सेटले हराएर उपाधि जित्यो । छात्रामा दिव्यदीप र छात्रमा बागेश्वरी मावि तेस्रो भए । उत्कृष्ट खेलाडी जनप्रेमीकी अशोका देवकोटा र ग्लेसियरका विशाल बस्नेत घोषित भए । उत्कृष्ट प्रशिक्षकमा जनप्रेमीका रुपेश विष्ट चुनिए ।

**अमरज्योतिलाई उपाधि**
संखुवासभा (कास)- मोरङको अमरज्योति क्लबले मादी कप फुटबलको उपाधि जितेको छ । मादीमा बिहीबार सम्पन्न फाइनलमा आयोजक हाङथुम क्लबलाई ४-३ ले हराउँदै अमरज्योति च्याम्पियन भयो । हाङथुमका विशाल जिमी सर्वाधिक गोलकर्ता, अमरज्योतिका विरेश गुरुङ सर्वोकृष्ट खेलाडी र विशाल चेम्जोङ उत्कृष्ट गोलरक्षक भए ।


रोयटर्स

## मेसीको सय गोल

बार्सिलोना (एएफपी)- लियोनल मेसीले चेल्सीको गल्ती उपयोग गर्दै च्याम्पियन्स लिग फुटबलमा एक सय गोल गरेसँगै बुधबार बार्सिलोनाले क्वाटरफाइनल यात्रा पक्का गरेको छ ।

मेसीको दुई गोल सहयोगमा बार्सिलोनाले नोउ क्याम्पमा भएको अन्तिम १६ को दोस्रो लेगमा ३-० ले नतिजा आफ्नो पक्षमा पाऱ्यो । टोली समग्रमा ४-१ को जितसहित अगाडि बढ्यो ।

चेल्सीविरुद्ध मेसीले १ सय २९ सकेन्डमै गोलको खाता खोलेका थिए । त्यति बेलासम्म चेल्सीले पास खेल्न पनि पाएको थिएन । उनले करिअरकै सबभन्दा छिटो गोल गरेका हुन् । उनले ओसिमन डेम्बेलेका लागि पनि आकर्षक रूपमा गोल अवसर सिर्जना गरिदिए । त्यसपछि मेसीले च्याम्पियन्स लिगमा गोलको शतक पूरा गरे ।

युरोपकै सबभन्दा माथिल्लो प्रतियोगिता च्याम्पियन्स लिगमा सय गोल गर्ने मेसी दोस्रो खेलाडी हुन् । उनले १ सय ५२ खेलमा १ सय १७ गोल गरेका रियल म्याड्रिडका क्रिस्टियानो रोनाल्डोलाई पछ्याइरहेका छन् ।

स्टामफोर्ड ब्रिजमा भएको पहिलो लेग १-१ मा टुंगिएको थियो । नोउ क्याम्पमा खेल सकिएपछि चेल्सीका व्यवस्थापक एन्टोनियो कोन्टेले मेसीलाई बधाई दिएका थिए । कोन्टेको टिमले विशेष गरी पहिलो हाफमा अवसर पाएको थियो तर खेलमा बार्सिलोना नै हाबी भयो ।

म्यानचेस्टर युनाइटेडलाई सेभियाले हरायो । टोटेनहमविरुद्ध युभेन्टस्ले जित निकाल्यो । चेल्सी पनि हारेपछि प्रिमियर लिग प्रतिनिधिका रूपमा च्याम्पियन्स लिगको क्वाटरफाइनलमा लिभरपुल र म्यानचेस्टर सिटीमात्र रहे । स्पेनबाट बार्सिलोनासँगै रियल म्याड्रिड र सेभिया छन् भने जर्मन महारथी बायर्न म्युनिख पनि निरन्तर अन्तिम आठमा पुग्यो ।

बायर्न टर्कीमा भएको दोस्रो लेगमा बेसिक्टासलाई ३-१ ले पन्छाउँदै लगातार सातौंपल्ट क्वाटरफाइनल प्रवेश गऱ्यो । पहिलो लेग ५-० ले जितेको उसले समग्रमा ८-१ को सफलता हात पाऱ्यो ।

**च्याम्पियन्स लिग**
**क्वाटरफाइनल पुग्ने टोली**
- बार्सिलोना (स्पेन)
- बायर्न म्युनिख (जर्मनी)
- युभेन्टस (इटाली)
- लिभरपुल (इंग्ल्यान्ड)
- म्यानचेस्टर सिटी (इंग्ल्यान्ड)
- रियल म्याड्रिड (इंग्ल्यान्ड)
- एएस रोमा (इटाली)
- सेभिया (स्पेन)

## थ्रीस्टार फाइनलमा

**२० औं तिलोत्तमा गोल्डकप**

■ अमृता अनमोल


म्यान अफ द म्याच थ्रीस्टारका बुद्ध चेम्जोङ । तस्बिर : अमृता

बुटवल- रुस्लान थ्रीस्टार क्लब बिहीबार लक्ष्मी हुन्डाई मनाङ मर्स्याङदीलाई २-१ ले पराजित गर्दै २० औं तिलोत्तमा गोल्डकप नकआउट फुटबलको उपाधि नजिक पुगेको छ । उपाधिका लागि थ्रीस्टारले शनिबार पुलिस क्लबसँग प्रतिस्पर्धा गर्नेछ ।

जारी सिजनमा थ्रीस्टारको मनाङमाथि तेस्रो जित हो । थ्रीस्टारले इटहरी गोल्डकप फाइनल र नारायणगढमा विकास रनिङ सिल्डको सेमिफाइनलमा मनाङलाई हराएको थियो । बिहीबार थ्रीस्टारको जितमा बुद्ध चेम्जोङ र नीराजन खडकाले गोल गरे । मनाङबाट विदेशी खेलाडी फ्लोरेन्सले एक गोल फर्काए ।

खेलको २३ औं मिनेटमा फ्लोरेन्सले गोल गर्दै मनाङलाई अग्रता दिलाए । विशाल राईको पासमा उनले गोलमा परिणत गरे । त्यसको एक मिनेटमै थ्रीस्टारका बुद्धले गोल फर्काए । उनले मार्टिनको पासमा गोलमा गरेका थिए । बराबरी धेरै समय टिक्न सकेन । पहिलो हाफको ३९ औं मिनेटमा थ्रीस्टारका कप्तान नीराजनले गोल थप्दै टोलीलाई अग्रता दिलाए । रेजिन धिमालको फ्रिकिक प्रहारमा नीराजनले हेड गर्दै गोल गरे । त्यसपछि दुवैले अवसर आए पनि गोल गर्न सकेनन् । घरेलु मैदानमा थ्रीस्टारका विमल घर्तीमगरले गतिलो प्रदर्शन गर्न सकेनन् ।

मनाङको तर्फबाट विदेशी खेलाडी सोलो, भिक्टोरसहित अन्जन विष्ट, सुजल श्रेष्ठ र विशाल राई गोल गर्ने अवसरबाट चुके । फितला प्रहार थ्रीस्टारका गोलरक्षक एलन न्यौपानेले सजिलै बचाए । थ्रीस्टारले खेलअवधिमा पाएका ५ अवसर सदुपयोग गर्न सकेन । रेजिन धिमालसहित विदेशी खेलाडी अजायी मार्टिन र लावाल वोलाकानको गोल प्रयास पनि सफल भएन ।

मनाङका प्रशिक्षक शैलेन्द्र कर्माचार्यले यो वर्षका सबै खेलमा थ्रीस्टार बाधक बन्दा उपाधि दौडमा रोकिनुपरेको बताए । खेल जित्ने रणनीतिअनुसार मैदानमा दबदबा राख्दा पनि गोल अवसर चुकेको उनले बताए । थ्रीस्टारका प्रशिक्षक मेघराज केसीले खेलाडीको उच्च प्रदर्शनकै कारण जित निस्केको बताए । थ्रीस्टारका बुद्ध चेम्जोङ म्यान अफ द म्याच बने ।

## रत्नजितको जोडी च्याम्पियन

काठमाडौं (कास)- चौधौं राष्ट्रव्यापी कृष्णमोहन स्मृति खुला ब्याडमिन्टनको पुरुष युगलमा त्रिभुवन आर्मी क्लबका रत्नजित तामाङ र नवीन श्रेष्ठको जोडी च्याम्पियन भएको छ ।

उनीहरूले बिहीबार एपीएफ क्लबका दीपेश धामी र विजित थापामगरको जोडीलाई २१-१६, १९-२१, २२-२० हराएका थिए ।

महिला युगलमा एपीएफका पूजा श्रेष्ठ र शिक्षा श्रेष्ठको जोडी च्याम्पियन भएको छ । उनीहरूले फाइनलमा आर्मीका नङसलदेवी तामाङ र अनुमाया राईको जोडीलाई कठिन प्रतिस्पर्धामा २१-२३, २१-१४, २१-१६ ले हराए ।

मिश्रित युगलमा एपीएफका पूजा र दीपेशको जोडी विजेता भयो । उनीहरूले आर्मी क्लबका नङसल र रत्नजित तामाङको जोडीलाई १७-२१, २१-१९, २१-१७ को सेटमा हराए ।

दार्चुलाका प्रिन्स दाहालले १७ वर्षमुनिको फाइनलमा आर्मीका प्रफुल्ल महर्जनलाई २१-१४, २१-१९ ले पराजित उपाधि जितेका छन् ।

भेट्रान ४५ वर्षमाथि युगलको फाइनलमा जेष्ठ ब्याडमिन्टन एकेडेमीका नवीनबाबु श्रेष्ठ र श्याम पराजुलीको जोडीले ग्यालेक्सी क्लबका राजु भुजु र हरिप्रसाद श्रेष्ठको जोडीलाई २१-१७, २१-१७ ले हराएर उपाधि जित्यो ।

पुरुष एकलको फाइनलमा शुक्रबार एपीएफका दीपेश धामी र आर्मीका रत्नजित तामाङबीच प्रतिस्पर्धा हुनेछ ।

## गुरिल्ला म्याराथनमा अर्जुन विजयी

■ हरि गौतम

रुकुम (पश्चिम)- सानीभेरी गाउँपालिकाद्वारा आयोजित पहिलो सानीभेरी-मौराखारा गुरिल्ला म्याराथन अर्जुन बस्नेतले जितेका छन् । उनले २२ दशमलव ६ किलोमिटर दूरीको म्याराथन ३ घण्टा १५ मिनेटमा पूरा गरेका थिए ।

सानीभेरी-३ का २१ वर्षीय अर्जुनले ५० हजार नगद पुरस्कार हात पारेका छन् । मुसीकोट नगरपालिका-६ का २८ वर्षीय दुर्गाराज बुढाले ३ घण्टा १७ मिनेटबाट दोस्रो स्थान प्राप्त गरे । उनले ४० हजार पुरस्कार पाए । नौबहिनी गाउँपालिका-१, प्यूठानका ४२ वर्षीय दामोदर बुढा ३ घण्टा १९ मिनेटमा दूरी पार गर्दै तेस्रो भए । उनले ३० हजार रुपैयाँ पाए । म्याराथनमा १७ जनाले भाग लिएका थिए । सानीभेरी नदी किनारबाट सुरु भएको दौड तीन हजार उचाइमा रहेको मौराखारा लेक हुँदै फेरि ओरालो झरेको छ । पर्यटकीय महत्त्वको मौराखाराको प्रचारमा म्याराथन दौड आयोजना गरिएको गाउँपालिकाले जनाएको छ । सशस्त्र द्वन्द्वमा लडाकुलाई पहिलोपल्ट तालिम दिएको ठाउँसमेत मौराखारा हो । 'मौराखारा यसै पनि ऐतिहासिक ठाउँ हो,' गाउँपालिका अध्यक्ष नरबहादुर पुनले भने, 'गाउँपालिकाले मौराखाराको प्रचारप्रसार गरेर पर्यटकीय मुभमेन्ट बढाउने योजना बनाएको छ ।'

मौराखारा लेकबाट रुकुम, जाजरकोट, डोल्पालगायत धेरै जिल्लाका ठाउँहरू पनि अवलोकन गर्न सकिन्छ ।










# प्ले-अफमा नेपालको स्वाफ









तस्बिरहरू : आईसीसी

**कान्तिपुर संवाददाता**

काठमाडौं- नेपाललाई वान-डे अन्तर्राष्ट्रिय मान्यताप्राप्त गर्न बिहीबार पपुवा न्युगिनी (पीएनजी) विरुद्धको जित अत्यावश्यक थियो । विश्वकप छनोटअन्तर्गत प्ले-अफको उक्त महत्त्वपूर्ण खेलमा दीपेन्द्रसिंह ऐरीको अलराउन्ड प्रदर्शनसँगै नेपालले ६ विकेटको जित हात पार्‍यो । अर्को प्लेअफमा नेदरल्यान्ड्सले हङकङलाई ४४ रनले पराजित गरेपछि नेपालको वान-डे अन्तर्राष्ट्रिय मान्यता पक्का भएको छ ।

जिम्बावेस्थित हरारे मैदानमा टस जितेर फिल्डिङ रोजेको नेपालले २८ ओभरमै पीएनजीलाई १ सय १४ रनको सामान्य स्कोरमा अलआउट गर्‍यो । नेपालका सोमपाल कामीले तेस्रो ओभरमै ओपनर असद भालाको विकेट लिँदै उत्कृष्ट सुरुआत दिलाए । अर्का ओपनर टोनी उरा पनि आठौं ओभरमा ११ रन जोड्दै करण केसीको बलमा कट बिहाइन्ड भए । त्यसपछि सन्दीप लामिछानेले मध्यक्रम ध्वस्त पार्ने क्रममा ४ विकेट लिए ।

१३ औं ओभरमा चाड सोपरलाई १० रन जोड्का एलबीडब्लू धरापमा पारेका सन्दीपले अर्को ओभरमा सेसे बाउलाई बोल्ड गरे । १६ औं ओभरको पहिलो बलमा माहुरु दाइलाई आउट गरेका सन्दीपले अर्को ओभरमा किप्लिन डोरिगालाई बोल्ड गर्दै पीएनजीलाई ७८-६ को स्थितिमा पुर्‍याए ।

अर्का स्पिनर दीपेन्द्रसिंह ऐरीले तल्लोक्रमका ब्याट्सम्यानलाई आउट गरेसँगै पीएनजी २८ औं ओभरमा १ सय १४ रन जोडेर अलआउट भयो । दीपेन्द्रले सर्वाधिक १९ रनमा खेलिरहेका चार्ल्स अमिनीलाई एल्बीडब्लू आउट गरे । जेसन किला १५ रनको स्थितिमा दीपेन्द्रको बलमा बोल्ड भएलगत्तै अर्को बलमा नर्मन भानुआ पनि बोल्ड हुन पुगे । त्यसपछिको ओभरमा जोन रेभाले विकेटकिपर अनिल साहलाई क्याच थमाएपछि पीएनजी अलआउट भयो । जवाफमा नेपालको ओपनिङ जोडीले दोहोरो अंक छुन सकेन । उपकप्तान ज्ञानेन्द्र मल्ल दोस्रो ओभरमा १ रन जोड्दै पेभेलियन फर्कंदा अनिल शाह ९ रन हुँदा तेस्रो ओभरमा भानुआको बलमा एलबीडब्लू आउट भए । कप्तान पारस खड्का प्रतियोगिताका अन्य खेलझैं आक्रामक शट खेल्दै २ चौका र १ छक्कासहित २० रन जोडे पनि सातौं ओभरमा टप-एज लाग्दै क्याचआउट भए ।

चौथो विकेटमा दीपेन्द्र र आरिफ शेखले ६७ रनको साझेदारी गर्दै नेपाललाई जिततर्फ उन्मुख गराए । ४२ बलमा १ चौकासहित २६ रन जोडेका आरिफ जित हासिल गर्न १३ रन बाँकी छँदा भानुआको बलमा एल्बीडब्लू आउट भए । दीपेन्द्रले २३ औं ओभरको अन्तिम बलमा विजयी रनका रूपमा छक्का प्रहार गरेर व्यक्तिगत अर्धशतक पनि पूरा गरे । नटआउट ५० रन बनाएका दीपेन्द्रले ७६ बल खेले । त्यसमा उनले ३ छक्का र १ चौका प्रहार गरे । बलिङमा ४ विकेट लिएका दीपेन्द्र म्यान अफ द म्याच चुनिए ।

अर्को खेलमा नेदरल्यान्ड्सले छाडेको १ सय ७५ रनको लक्ष्य पछ्याउने क्रममा हङकङ ४३ औं ओभरमा १ सय ३० रन जोड्दै अलआउट भयो । हङकङका कप्तान बाबर हायातले ९४ बलमा ५२ रन जोडे पनि राम्रो साथ नपाउँदा नेदरल्यान्ड्स विजयी भयो । त्यसअघि पहिलो ब्याटिङ गरेको नेदरल्यान्ड्सले म्यान अफ द म्याच म्याक्स ओडाउडको ६२ रन मदतले ४८.२ ओभरमा अलआउट हुनुअघि १ सय ७४ रन जोडेको थियो ।

नेपालले सातौं स्थानका लागि शनिबार नेदरल्यान्ड्ससँग खेल्नेछ ।



## जित दिवंगतप्रति समर्पित

नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान पारस खड्काले पीएनजीविरुद्धको जित सोमबार त्रिभुवन विमानस्थलको धावनमार्गमा भएको यूएस बंगला एयरलाइन्सको विमान दुर्घटनामा परी दिवंगत भएकाप्रति समर्पित रहेको बताएका छन् । नेपाली टोली उक्त दुर्घटनामा दिवंगत भएकाको सम्मानमा बिहीबार पाखुरामा कालोपट्टि बाँधेर मैदानमा उत्रिएको थियो ।

## वेस्ट इन्डिजविरुद्ध अफगान विजयी

विश्वकप छनोटअन्तर्गत सुपर सिक्सको पहिलो खेलमा बिहीबार अफगानिस्तानले वेस्ट इन्डिजलाई ३ विकेटले हराएको छ । हरारेमा सम्पन्न खेलमा वेस्ट इन्डिजले छाडेको १ सय ९८ रनको लक्ष्य अफगानिस्तानले १४ बल बाँकी छँदै ७ विकेट गुमाएर भेटेको थियो । म्यान अफ द म्याच मुजिब उर रहमानले ओपनर क्रिस गेलसहित तीन विकेट लिँदै वेस्ट इन्डिजलाई ठूलो योगफलतर्फ अग्रसर हुन दिएनन् । जवाफमा रहमत साहको ६८ रन मदतले विजयी अफगानिस्तानले सुपर सिक्समा महत्त्वपूर्ण २ अंक जोड्यो ।

CRICOS 00005F
Charles Sturt University
Study Centre
SYDNEY - MELBOURNE - BRISBANE
FREE SEMINAR & INTERACTION SESSION
ACADEMIC MERIT SCHOLARSHIP OF UP TO AUD 4,000 FOR UNDERGRADUATE OR POSTGRADUATE DEGREE.
Academic Criteria:
> Academic score of 70% equivalent- AUD 3000
> Academic score of 75% equivalent - AUD 4000
MEET
Hamish Davies - Student Recruitment Director
Vishal Sachar - Student Recruitment Manager
Date : 18th March 2018
Time : 10:30am to 12:30pm
Venue: e-planet, Bagbazar, KTM
Intake: July 2018
Bachelors Courses:
Accounting | Business (HR) | Business (Marketing)
Business (Management) | Business studies | Information Technology
Masters Course:
Professional Accounting
Master of Commerce | MBA | MIT
e-planet EDUCATION PLANET
Tel: 01 4239656/4239657
Bagbazar (Near Shrestha Tailoring, KTM) E: admin@eplanet.edu.np
CHITWAN: 056-521133 | BUTWAL : 071-544777 | KAWASOTI: 078-541124
POKHARA: 061 541820 | Hetauda: 057-522961
www.eplanet.edu.np www.facebook.com/planet4edu

आन्तरिक राजस्व विभागको

बिद्युतीय उपकरण तथा सफ्टवेयर प्रमाणीकरण तथा प्रयोग गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

आन्तरिक राजस्व विभागले बिद्युतीय प्रणाली मार्फत बिजक जारी गर्ने करदाताहरूको बिजक प्रणालीलाई व्यवस्थित गर्न विद्युतीय विजक सम्बन्धी कार्यविधि, २०७४ मिति २०७४/०९/१६ देखि लागू हुने गरी जारी गरेको व्यहोरा अवगत नै छ । उक्त कार्यविधिमा साविकको कम्प्युटर बिजक सम्बन्धी कार्यविधि, २०७१ अनुसार प्रमाणीकरण गरिएका सम्पूर्ण सफ्टवेयरहरू २०७४ चैत १५ गते भित्र आन्तरिक राजस्व विभागमा रहेको केन्द्रीय बिजक अनुगमन प्रणाली (Central Billing Monitoring System, CBMS) संग आवद्धता हुने गरी पुनः प्रमाणीकरण गरिसक्नुपर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार केही निर्माता तथा वितरकहरूले अझैपनि सफ्टवेयर प्रमाणीकरण गराउन बांकी देखिएकोले कार्यविधिले तोकेको म्याद भित्र प्रमाणीकरण गराउन हुन पूनः यो सूचना मार्फत जानकारी गराइन्छ । साथै साविकमा विभागबाट प्रमाणीकरण गरिएका सफ्टवेयर प्रयोग गरिरहनु भएका प्रयोगकर्ताहरूले समेत २०७४ चैत्र १६ गते देखि विभागबाट बिद्युतीय बिजक सम्बन्धी कार्यविधि, २०७४ बमोजिम प्रमाणीकरण भएका सफ्टवेयर मात्र प्रयोग गर्नुहुन समेत जानकारीका लागि अनुरोध छ । तोकिएको मिति भित्र सफ्टवेयर प्रमाणीकरण नगराएमा वा प्रमाणीकरण नभएका सफ्टवेयर प्रयोग गरेमा मू.अ.कर ऐन, २०५२ बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

हाम्रो पौरख हाम्रो कर, राष्ट्र निर्माणको दिगो भर ।

Admission Open
For New Session 2075
From Nursery to Grade VIII
Forms are available at the school office on all working days from 1 Chaitra 2074 onwards.
Entrance test 17th & 24th Chaitra 2074 (Saturday) at 11:00 am.
For further details contact:
GYANKUNJ SCHOOL
Machha Gate, Ravibhawan, Kathamandu
4272831, 4272334, 4270133




कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा